# नेउवामहासंघ समाचार
# FNCCI NEWSLETTER

VISION:- "Leading the Nation's Economic Progress" MISSION:- "Facilitating Nepalese Business Become Globally Competitive" मासिक (Monthly)

वर्ष २१ (Vol. 2!) असार-भदौ -२०६६ (June-Aug. - 2009) अंक ३-५ (No. 3-5)


## -कवाडी कर खारेज- राजमार्गहरुमा ढाट राख्न नपाईने
## निजी क्षेत्रको लामो समयदेखि माग पुरा: तत्काल कार्यान्वयनमा जोड



(महासंघमा आयोजित बजेट पछिको अन्तरक्रिया कार्यक्रम)

अन्तत: निजी क्षेत्रको लामो समयदेखिको कवाडी कर पूर्ण खारेजीको माग यस वर्षको वार्षिक वजेट कार्यक्रम मार्फत सरकारले पुरा गरेको छ भने निजी क्षेत्रले सरकारको घोषणा अनुरुप तत्काल कार्यान्वयनको माग गरेको छ ।

निजी क्षेत्रको लामो समयको माग र संघर्ष पश्चात सरकारले पूर्ण खारेजीको घोषणा गरे पनि यसलाई विभिन्न जिल्लाहरुमा अनेकन नामबाट उठाउन थालिएको भन्ने प्रचारप्रति सजग रहदै निजी क्षेत्रले यसलाई तत्काल कार्यान्वयनमा लैजान सरकारलाई दवाव दिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघले साउन ५ गते काठमाडौंमा आयोजना गरेको वजेट पश्चातको छलफल कार्यक्रममा अर्थमन्त्री सुरेन्द्र पाण्डे समक्ष निजी क्षेत्रले सरकारी घोषणालाई व्यवहारत तत्काल कार्यान्वयन गर्न माग गरेको छ ।

सरकारको वजेट कार्यक्रम मार्फत खारेज भैसकेको कवाडी करलाई पुनरावृत्त गराउने प्रयास भैरहेको सुनिनमा आएको छ, यसतर्फ सरकार गम्भीर होस–महासंघका अध्यक्ष जोशीले सरकारको ध्यानाकर्षण गराउनु भयो ।

अध्यक्ष जोशीले भन्नु भयो–निजी क्षेत्रले वारम्वार उठाउँदै आएको प्रमुख मुद्दालाई सरकारले

(बाँकी पृष्ठ ४ मा)

### निजी क्षेत्र भन्छ

## परिमार्जित सन्धि: अवसर र चुनौति

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल–भारत उद्योग वाणिज्य संघले भदौ ८ गते एक संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरि प्रधानमन्त्री माधवकुमार नेपालबाट हालै सम्पन्न भारतको सद्भावना भ्रमणका अवसरमा "वाणिज्य सन्धि" परिमार्जन सम्बन्धमा भएको प्रारम्भिक सम्झौताको स्वागत गर्दै परिमार्जित सन्धि अवसर र चुनौती भएको प्रतिक्रिया दिएका छन् ।

संयुक्त विज्ञप्तिमा भनिएको छ–सन् १९९६ को "वाणिज्य सन्धि" नेपाल–भारत बीचको लगानी विस्तार र नेपालको व्यापार प्रवर्द्धनमा महत्वपूर्ण थालनी हो । यस अवधिमा विश्व व्यापार र क्षेत्रीय व्यापारको अवधारणामा व्यापक परिवर्तन आएको पृष्ठभूमिमा वाणिज्य सन्धिमा पनि सोही अनुसार परिमार्जन हुनु पर्ने माग महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल–भारत उद्योग वाणिज्य संघ लगायतका संघ/संस्थाले गर्दै आएको परिप्रेक्ष्यमा सन्धिमा परिमार्जन गरिनुलाई निजी क्षेत्रले सकारात्मक रुपमा लिएको छ । यस सन्धिमा भएको परिमार्जनले नेपालको निकासी भारतमा पहिले भन्दा सहज हुने विश्वास निजी क्षेत्रको छ । सन्धि परिमार्जनमा निजी क्षेत्रका कतिपय सुझावहरु समावेश भएका छन्, तापनि हालसम्म ४ प्रतिशत अतिरिक्त शुल्क खारेज नभएबाट

(बाँकी पृष्ठ २ मा)

### भित्र


- तीन महिना भित्र ................
- यूनान नयाँ उचाईमा सम्बन्ध ....
- तत्काल शान्ति बहाली ...........
- एफएनसीसीआई एसीसीआई ....
- लगानीको वातावरण ...........
- एफएनसीसीआई जीटीजेड ........


**व्यावसायिक आचार संहिताको पालना गरौं**

# इलम प्रशिक्षण कार्यक्रम (TRADE SCHOOL)

## इलम प्रशिक्षण कार्यक्रमलाई एनआरएनको सहयोग

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल सरकारको साझेदारीमा संचालित इलम प्रशिक्षण कार्यक्रम (Trade School) लाई प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउन गैर आवासीय नेपाली संघ (NRNA) ले महासंघलाई १५ लाख रुपियाँ हस्तान्तरण गरेको छ ।

महासंघका अध्यक्ष कुशकुमार जोशीलाई सो संघका अध्यक्ष डा. उपेन्द्र महतोले भदौ ९ गते एक कार्यक्रम बीच महासंघको सचिवालयमा उक्त रकमको चेक हस्तान्तरण गर्नुभयो। उक्त सहयोग रकम इलम प्रशिक्षण कार्यक्रम गतिविधिहरुलाई विस्तार गर्ने कार्यमा खर्च गरिने छ ।

स्थानीय उद्योग व्यवसायमा आवश्यक हुने कामदारहरुलाई शीपमुलक तालीम उपलब्ध गराई उनीहरुको वृत्ति विकासका साथै सेवा तथा उत्पादनहरुको गुणस्तरमा सुधार ल्याउने, शीपको अभावमा वेरोजगार र अर्धवेरोजगार स्थानीय यूवाहरुलाई रोजगारी मुलक तालीम उपलब्ध गराई स्वदेश तथा विदेशमा समेत रोजगारी प्राप्त गर्ने अवसरमा वृद्धि गर्ने उद्देश्यले विभिन्न आठ वटा अंचलहरुमा हाल संचालित यो कार्यक्रमलाई छिट्टै थप ३ वटा अंचलमा विस्तार गर्ने कार्यक्रम छ ।

सो अवसरमा महासंघका अध्यक्ष जोशीले एनआरएनबाट प्राप्त सहयोगबाट इलम प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गर्न थप सहयोग पुग्ने र अन्य स्थानहरुमा पनि यो कार्यक्रमलाई विस्तार गर्न एनआरएनबाट आगामी दिनमा पनि सहयोग जारी रहने विश्वास प्रकट गर्नुभयो ।

शीप विकासका माध्यमबाट स्थानीय यूवाहरुलाई स्वदेशी एवं विदेशी वजारमा समेत काम गर्न योग्य बनाउने उद्देश्यले संचालित यो कार्यक्रम संचालनको छोटो अवधिमै निकै प्रभावकारी भएको पनि अध्यक्ष जोशीले जानकारी गराउनु भयो ।

एनआरएनका अध्यक्ष डा. महतोले महासंघले सरकारसँगको साझेदारीमा अगाडी बढाएको इलम प्रशिक्षण कार्यक्रमलाई सानो सहयोग गर्न पाएकोमा खुशी प्रकट गर्नुहुँदै यसबाट नेपाली यूवाहरुलाई शीप विकासका माध्यम मार्फत राष्ट्रिय अर्थतन्त्रमा सहभागी गराउन तथा रोजगारीका लागि विदेशमा जानेहरुलाई समेत सहयोग पुग्ने बताउनु भयो ।

सो कार्यक्रममा महासंघका उपाध्यक्षहरु कृष्णप्रसाद ताम्राकार र प्रदीपजंग पाण्डे, कार्यकारिणी समितिका सदस्य आजाद श्रेष्ठ, एनआरएनका प्रवक्ता डा. जुगल भुर्तेल, महासंघका महानिर्देशक मेघनाथ न्यौपाने र सो संघका कार्यकारि निर्देशक डा. हेमन्त दवाडीको उपस्थिति रहेको थियो ।

### निजी क्षेत्र भन्छ .....

तयारी पोशाकको निकासीमा भने थप ह्रास आउने देखिन्छ ।

प्रधानमन्त्रीको सदभाव भ्रमणबाट एकातिर द्विपक्षीय सम्बन्ध र सद्भाव बढाउन सहयोग पुगेको छ भने अर्कोतिर सबै पक्षको चर्चामा रहेको र निजी क्षेत्रले माग गर्दै आएको "वाणिज्य सन्धि" परिमार्जन सम्बन्धमा प्रारम्भिक सम्झौता सम्पन्न भएको छ ।

साथै भ्रमणको अवसरमा प्रधानमन्त्री र भारतीय उद्योगी व्यवसायीहरु बीच भएको छलफल, अन्तरक्रिया एवं विचारको आदान प्रदानबाट नेपालमा लगानीको निश्चितता एवं स्पष्टता गर्ने प्रयास गरिएको छ निजी क्षेत्रले भनेको छ ।

समष्टिमा विश्लेषण गर्दा राजनीतिक स्थिरता र औद्योगिक वातावरण राम्रो भएमा निर्यात गर्ने बस्तु उत्पादन हुन सक्ने र दुवै पक्षबाट इमान्दारीताका साथ सन्धिका प्रावधानहरुलाई पालना भएमा परिमार्जित सन्धि नेपालको हितमा हुने विश्वास पनि महासंघ, नेपाल चेम्बर, नेपाल–भारत उवासंघ लगायतका संघ/संस्थाको रहेको छ ।

भारतको सद्भावना भ्रमणमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा २० सदस्यीय नेपाली उद्योगी व्यवसायी प्रतिनिधिमण्डलको सहभागीता रहेको थियो ।

## नयाँ वजेटमा तत्काल हुनुपर्ने सुधारः महासंघ

आर्थिक विकासको लक्ष्य हासिल गर्न नसक्नुमा नीतिगत अस्थिरता, घाटा बजेट "ओभर स्टाफिङ" उत्पादकत्वमा कमि, पूर्वाधारको अभाव कमजोर औद्योगिकीकरण नीति निर्माणमा केन्द्रिकृत प्रणाली प्रमुख बाधक देखिएको छ ।

आर्थिक विकासको लक्ष्य हासिल गर्न सरकारले स्वदेशी तथा विदेशी लगानीकर्तासंग मिलेर सडक, विद्युत जस्ता पूर्वाधारको क्षेत्रमा लगानी बढाउनु पर्ने, विदेशी सहयोगलाई सामाजिक क्षेत्रमा प्राथमिकता दिई लगानी गर्नु पर्ने र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था, भौतिक पूर्वाधारको विकास, उर्जाको आपूर्ति तथा वन्द हड्ताल चक्काजाम जस्ता विषयहरुमा तत्काल सम्वोधन हुनु पर्ने निजी क्षेत्रको छ । यसका अतिरिक्त सरकारले ल्याएको चालु आवको वजेटमा निम्न विषयहरु तत्काल सुधार गर्न निजी क्षेत्रले जोड दिएको छ ।

- माल बस्तुको पैठारी गर्दा CIF मूल्यको आधार मा मूल्याङ्कन गरिने व्यवस्थाको सट्टा Tag Cargo Rate को आधारमा भाडा थप गर्दा यर्थाथ खर्चको आधारमा मूल्याङ्कन नहुने भएकोले CIF को आधारमा आयातमा मूल्याङ्कन गर्दा मूल्य भाडा, बीमाको Break Up अनिवार्य गर्न नहुने ।
- निजी क्षेत्र सक्षम रहेका व्यापारिक क्षेत्र, (नेशनल ट्रेडिङ्ग, साल्ट ट्रेडिङ्ग) औद्योगिक क्षेत्र जनकपुर चुरोट कारखाना, नेपाल वायु सेवा निगम, नेपाल टेलिकम, बैंकिङ्ग क्षेत्र, नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन, जस्ता संस्थानहरुको तत्कालै निजीकरणको प्रक्रिया अगाडि बढाउनु पर्छ । (बाँकी पृष्ठ ५ मा)

# तीन महिना भित्र भ्याटको वहुदर लागू गर्न सरकारसँग निजी क्षेत्रको आग्रह

निजी क्षेत्रले विज्ञहरु समेतको संलग्नतामा लामो अध्ययन पश्चात मुल्य अभिवृद्धि कर (भ्याट) वहुदरमा लागू गर्न सरकारलाई दिएको सुझाव यस वर्षको वजेटमा नपर्दा निजी क्षेत्र खिन्न बनेको छ। छिमेकी मुलुकसँगको खुला सिमाना, अवैध व्यापार नियन्त्रण तथा करका दरहरुलाई समेत दृष्टिगत गरि निजी क्षेत्र समेतको संलग्नतामा गत वर्ष विभिन्न क्षेत्रसँग विस्तृत अध्ययन एवं छलफल पछि भ्याटलाई वहुदरमा लैजाने प्रस्ताव राजश्व परामर्श समितिले गरेको थियो। समितिले अत्यावश्यक प्राथमिक कृषि तथा सुचना प्रविधिसुग सम्बन्धित वस्तुहरु जस्तै तोरीको तेल, घयू, मैदा जस्ता वस्तुमा कम दर हुने गरि नेपालमा १, ४ र १३ प्रतिशत भ्याट लगाउन सरकारलाई सुझाव दिएको थियो।

निजी क्षेत्रले नेपालमा मूल्य अभिवृद्धि करको तीनवटा दर कायम गरिनुपर्ने पर्ने सुझाव सहितको प्रतिवेदन सरकारलाई गत २०६४ फागुनमा बुझाएको थियो। मूल्य अभिवृद्धि करको बहुदर सम्बन्धमा निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघ सहित नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ र नेपाल समुद्रपार निकासी पैठारी संघ र अर्थबीद समेतको संलग्नतामा तयार पारिएको सुझाव प्रतिवेदनमा १, ४, र १३ प्रतिशत गरी ३ वटा दरमा लागू गर्न सुझाव दिइएको थियो।

लामो समयको अध्ययन र विभिन्न देशहरुमा समेत भ्याटको बहुदर कार्यान्यवनमा देखिएको सफलता समेतलाई विचार गरि निजी क्षेत्रले नेपालमा पनि यसको कार्यान्वयनका लागि दिएको सुझाव सरकारको प्राथमिकतामा नपर्दा निजी क्षेत्र चिन्तित बन्न पुगेको हो। निजी क्षेत्रले वहुदर लागू गर्ने सम्बन्धमा हालसम्म भएका मेहनत समेतलाई विचार गरि आगामी तीन महिना भित्र कार्यान्वयन गर्न सरकारलाई सुझाव दिएको छ।

महासंघद्वारा साउन ५ गते आयोजित वजेट पछिको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष जोशीले लामो गृह कार्यपश्चात निजी क्षेत्रले दिएको सुझाव समेतको वेवास्ता भयो, मुल्य नियन्त्रण र सरकारको राजश्व समेतमा सहयोग पुऱ्याउने सुझावलाई सरकारले लागू नगर्दा हुने असरलाई गम्भीर भएर सोच्न समेत आग्रह गर्नुभयो।

वहुदर लागू गर्दा राष्ट्रलाई हुने फाइदा समेतलाई मनन गरि यसको कार्यान्वयनमा सरकारले पुनर विचार गर्नुपर्छ –कार्यक्रममा महासंघको कर तथा राजश्व समितिका सभापति प्रदीपमान वैद्यले भन्नु भयो–नेपाली उत्पादनलाई वाह्य देशका उत्पादनहरु खासगरि भारतीय उत्पादनहरुसँग प्रतिस्पर्धी बनाउन पनि वहुदर लागू गर्नु पर्छ।

दर्तावाला विक्रेताहरुको संस्था उत्साहपूर्वक नबढ्नु, विलिङ प्रक्रिया प्रभावकारी नहुनु, करमा दर्ता हुनुपर्ने कतिपय करदाता दर्ता नहुनु, कर विवरण समयमा नबुझाइनु, कर फिर्ता समयमा नहुनु, चोरी पैठारी, न्यून विजकीकरण, व्यवसायी र सरकारबीच अविश्वासको वातावरण विद्यमान रहेकाले बहुदरमा जाँदा यी सबै समस्याहरु न्यून भई करको भार वितरण न्यायपूर्ण हुने, राजश्वको योगदान बढ्न जाने, चोरी पैठारी तथा अनधिकृत व्यापार नियन्त्रण हुने, न्यून विजकीकरण समस्या नियन्त्रण हुने, करदाता संख्या बढ्न गई करको दायरा बढ्ने, नीति नियमलाई व्यवस्थित गरी राजश्व चुहावट नियन्त्रण हुने आधारमा निजी क्षेत्रले यसको कार्यान्वयनमा जोड दिएको हो।

करिव ५० प्रतिशतको न्यूनविजकीकरण र चोरी पैठारीका कारण सरकारले राजश्व गुमाइरहेको अवस्थामा यो व्यवस्था लागू भएमा त्यसमा निकै हदसम्म नियन्त्रण हुने दावी निजी क्षेत्रको छ। सरकारी राजश्वमा अघिल्लो आवमा करिव ३९ अर्व ९४ करोड ७५ लाख योगदान रहेको मुअकर चालु आवमा ५१ अर्व ५६ करोड उठाउने लक्ष्य सरकारले राखेको छ, यो लक्ष पुरा गर्न पनि सरकारले मुअकर लाई वहुदरमा लैजानु पर्ने सुझाव निजी क्षेत्रको छ।



तर अर्थमन्त्री सुरेन्द्र पाण्डे वहुदर कार्यान्वयनका लागि विद्यमान सरकारी संरचना समेतलाई समेत मनन गरि आउँदा दिनमा अगाडी बढाउने बताउनु हुन्छ। महासंघले आयोजना गरेको वजेट पश्चातको अन्तरक्रिया कार्यक्रममा मन्त्री पाण्डेले भन्नु भयो–सरकारको विद्यमान भौतिक संरचनालाई समेत ख्याल गरि यस विषयमा आउँदा दिनमा छलफल गरेर निक्यौलमा पुगौला।

विश्वका विभिन्न देशहरुमा लागू दरहरुको पुनरावलोकन, उद्यमी व्यवसायी, वस्तुगत संघहरु, विभिन्न कर विज्ञ, लेखा परिक्षकहरुसँगको राय सुझाव, स्थानीयस्तरमा विभिन्न स्थानहरुमा आयोजित अन्तरक्रिया छलफलका आधारमा सुझाव तयार गरिएको उक्त प्रतिवेदनमा मुख्यतः उद्योगहरु फस्टाउने वातावरण तयार गर्ने, अवैध पैठारीमा कमी ल्याउने, आन्तरिक बजारलाई विकास गर्ने, करदाताको दायरालाई व्यापक रुपमा परिचालन गर्ने, उपभोक्ताको सहभागिता बढाउने र राजश्वको योगदानमा उल्लेख्य बृद्धि गर्न भ्याटको वहुदर लागू हुनु पर्ने तर्क प्रस्तुत गरिएको थियो।

नेपालमा मूअकरलाई राजश्वको मूख्य स्रोत बनाउने उद्देश्यले करिव १२ वर्ष अघि लागू गरिएको थियो। नेपालमा भन्दा पछाडी यो कर लागू भएको भारतमा पनि बहुदरको मूअकर लगाइएको छ।

प्रतिवेदनमा कर छुट हुने बस्तु तथा सेवाहरुमा आधारभूत कृषि उत्पादन, आधारभूत आवश्यकताका बस्तुहरु, जिवित मूख्य जीवजन्तुहरु, सरकारी तथा गैर नाफामूलक स्वास्थ्य सेवा, गैर नाफामूलक, शिक्षा, साँस्कृतिक, कलात्मक, कालीगढी सेवा, यात्रुवाहक ढुवानी सरकारी सेवाहरुलाई प्रस्ताव गरिएको छ।

त्यसैगरी प्राथमिक कृषि उत्पादन, प्राथमिकता प्रशोधन भएका जडीबुटीहरु, कृषि सामग्री तथा औजार एवं किटनाशक औषधी तथा औषधिका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, गैर नाफामूलक शिक्षा तथा तालिम अनुसन्धान, ढुवानी सेवा, हवाई यातायात, कुरियर सेवा एवं व्यावसायिक तथा पेशागत सेवा, सुन चादी, गरगहना, विद्युत आपूर्ति, मेशीनरी सामान, विद्युत उत्पादनका सामानहरुलाई १ प्रतिशत मूअकरमा प्रस्ताव गरिएको थियो।

प्रशोधित कृषि तथा वनस्पति जन्य उत्पादन घिउ, वटर, आइसक्रिम, चिज, प्रशोधित तरकारी, मासु, माछा तथा फलफूल, मिठाईका परिकार तथा दूध परिकार, ऊनी धागो बाहेक अन्य धागो, कपडा, सुचना सामग्री सम्बन्धी सामग्रीहरु तथा मोवाइल एवं अत्यावश्यक विद्युतीय सामग्रीहरु, निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य उपचार, शैक्षिक सामग्रीहरुको मुद्रण तथा प्रकाशन, प्याकिङ सामान तथा खानीजन्य उत्पादनहरुलाई प्रतिवेदनमा ४ प्रतिशत मूअकरमा प्रस्ताव गरिएको छ।

## निजी क्षेत्रको लामो समयदेखि ...

उचित सम्वोधन गरेको छ, तर यसलाई कार्यान्वयन गर्ने तर्फ पनि सरकार सचेत होस ।

अर्थमन्त्री पाण्डेले कवाडी कर खारेजी भैसकेको अवस्थामा यसलाई व्यवहार त कार्यान्वयन गर्न सरकार प्रतिवद्धताका साथ लागेको र यस बीचमा आएका गुनासाहरुको सरकारले अध्ययन गर्ने आश्वासन दिनु भयो ।

चालु आर्थिक वर्षको वजेटमा कवाडी कर खारेजी र लोकमार्गहरुमा कुनै पनि ढाट राख्न नपाउने व्यवस्था, कानून त खारेज भैसकेको सिण्डिकेट प्रथाको अन्त्य तथा स्थानीय विकास शुल्कको खारेजी गर्ने सरकारी घोषणालाई निजी क्षेत्रले स्वागत गरेको छ ।

कवाडी कर र विभिन्न नाउँमा स्थानीय निकायबाट एउटै वस्तुमा विभिन्न जिल्लाहरुमा लाग्दै आएको स्थानीय करबाट उद्योग व्यवसाय क्षेत्र निकै आक्रान्त भएको र यसले उद्योग व्यवसायको लागत समेत बढ्न जाँदा उपभोक्ताहरु मुल्य वृद्धिको चपेटामा परेकोले तत्काल यस्ता गैर कानूनी कर खारेजी गर्न निजी क्षेत्रले सरकारलाई वारम्वार दवाव दिँदै आएको थियो ।

यस्ता करहरुको खारेजी गर्नु पर्ने मागलाई लिएर निजी क्षेत्र विगतमा राष्ट्रिय सम्मेलन, आन्दोलन, अनशन जस्ता विरोध कार्यक्रम समेत आयोजना गर्न वाध्य भएको थियो ।

विकेन्द्रिकरणको सिद्धान्त अनुसार स्थानीय निकायलाई सक्षम, सुदृढ र आत्मनिर्भर बनाउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार स्थानिय प्रशासनलाई स्थानिय कर/शुल्क संकलन गर्ने अविभारा दिइए पनि यो कर शुल्क संकलन गर्ने व्यवस्था सरकारी-निजी साझेदारी अवधारणाको एउटा अर्को सुरुवात पनि हो । जसलाई निजी क्षेत्र स्वयंले पनि जिम्मेवारी लिई अगाडी बढाई रहेको थियो ।

तर यसको ठिक्क विपरित स्थानिय कर शुल्कलाई लिइएको पृष्ठभूमिमा यो कर र शुल्क संकलन गर्ने नाममा विशेषतः सडक/राजमार्गमा ढाट राखी गुण्डागर्दी सहित ठेकेदार मार्फत तोकिएको भन्दा बढी दरमा कर असुल गर्ने प्रवृत्ति हाबी हुने, ठेक्काको रकमभन्दा धेरै गुणा रकम असुल गर्ने र उक्त रकम सरकारी ढुकुटीमा नगई अन्यत्र नै भरण पोषण गर्ने काम भएको, ठेकेदार माथि स्थानिय निकायको नियन्त्रण हुन नसक्दा करको नाममा आफ्नो स्वार्थको लागि ऐन नियमलाई पन्छाई बढी रकम असूल गर्ने जस्तो चरम विकृतिको सुरुवात हुन पुग्यो ।

कबाडीका सामानको व्यवहारिक र वैज्ञानिक परिभाषा नहुँदा खाद्यान्न लगायत सबै वस्तुमा कबाडी कर लिने यावत अनियमितता र विकृति चरम रुपमा बढ्न गई खाद्यान्न लगायतका एकै वस्तुमा ठाउँ ठाउँमा कर लिंदा मूल्य बढ्ने क्रम तिव्र हुन जाँदा निजी क्षेत्रले स्थानिय कर पनि "चुंगीकरको पुनरावृत्ति" को रुपमा देखिएको जस्ता विकृति तर्फ चिन्ता प्रकट गर्दै यसको पूर्ण खारेजीको माग गर्दै आएको थियो । स्थानीय कर (कवाडी कर) का विषयमा गत २०६५ जेष्ठ ५ गते वीरगंजमा सम्पन्न उद्यमी व्यवासायीहरुको राष्ट्रिय भेलाले स्थानीय ठेकेदार मार्फत कवाडी करको नाममा जवरजस्ती गैर कानूनी ढंगले रकम संकलन गर्ने गरेबाट थप अराजकता श्रृजना गरेको हुंदा आ.ब. २०६५/०६६ देखि स्थानीय कर (कवाडी कर) खारेज गर्नुपर्ने निर्णय गरेको थियो । तर सरकारले त्यसलाई समयाभाव जनाउँदै खारेज गरेको थिएन ।

कवाडी करका साथै कानूनद्वारा समेत खारेज भैसकेको प्रतिस्पर्धा विरुद्धको एकाधिकार प्रणाली (सिण्डिकेट प्रथा) प्रथाको अन्त्यका लागि नेपाल उद्योग वाणिज्य महासंघ र यसका सदस्य संघहरुमार्फत पनि स्थानीय एवं राष्ट्रियस्तरमा निरन्तर संघर्ष भैआएको थियो ।

यस क्रममा निजी क्षेत्रले सरकार प्रमुख, सम्बन्धित मन्त्रीहरु, राजनीतिक दलका उच्च नेताहरु, सुरक्षा निकायका प्रमुखहरु समेतलाई भेटी गुण्डागर्दी सैलीमा लागू गरिएका कवाडी कर, स्थानीय करहरु, गैर कानूनी रुपमा समेत अवैध घोषणा भैसकेको प्रतिस्पर्धा विरुद्धको एकाधिकार प्रणालीको अन्त्य गरि निर्वाध व्यापार व्यवसाय गर्ने वातावरण सृजना गर्न माग गर्नुका साथै मुलुककै सर्वोच्च निकाय सिंहदरवार अगाडी धर्ना समेत बस्न बाध्य भएको थियो ।

महासंघको कार्यकारिणी समितिको हालै नगरकोटमा सम्पन्न आठौं बैठकले समेत आ.व. २०६६/०६७ को वार्षिक वजेट आउनु पूर्व तथा कवाडी करका विषयमा विगतमा नेपाल सरकार र महासंघ बीच भएको सहमती समेतलाई वेवास्ता गरि गुण्डागर्दी तथा हुलहुज्जतबाट कवाडी कर उठाउन ठेकेदार छनौट गरेको घटनाप्रति गहिरो चिन्ता सहित गम्भीर आपत्ति प्रकट गर्दै कवाडी कर पूर्णत खारेज गर्न नेपाल सरकार तथा सम्वन्धित निकायमा सशक्त आवाज उठाउने निर्णय गरेको थियो ।

सोही वमोजिम महासंघको प्रतिनिधिमण्डलले सरकारले वजेट प्रस्तुत गर्नु अगाडी स्थानीय विकास मन्त्रीलाई भेटेर सो विषयमा आपत्ति जनाउदै सरकारका सम्बन्धित मन्त्रालय र महासंघ बीच गत वर्ष भएको सहमति तथा निर्णय अनुसार गर्नेगरी आगामी वर्षहरुका लागि कवाडी कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्तको टेण्डर तत्काल रोक्न माग गरेको थियो ।

प्रतिनिधिमण्डलले अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयका सचिव तथा महासंघका अध्यक्ष समेतको उपस्थितिमा २०६५ असार २३ गते भएको निर्णय एवं सहमतिलाई पालन गर्न समेत आग्रह गरेको थियो ।

स्मरणीय छ,, स्थानीय स्वायत्त शासन ऐन नियमको व्यवस्था बमोजिम स्थानीय तहमा कवाडी वस्तुमा कर लगाउने तथा संकलन गर्ने सन्दर्भमा ऐन नियमले तोकेको दर र क्षेत्र भन्दा बढीमा कर संकलन गर्ने गरेको, कवाडी वस्तुको उत्पत्ति भएको स्थानीय निकायले कर संकलन गरी सकेपछि पनि निकासीका क्रममा बाटोमा पर्ने अन्य स्थानीय निकायले समेत दोहोरो तेहोरो कर लगाउने गरेको र कमजोर अनुगमन संयन्त्रका कारण व्यवसायी माथि परेका मर्काको सुनुवाई नहुने गरेका कारण उद्योग वाणिज्य व्यवसाय क्षेत्रले अनावश्यक रुपमा ठूलो समस्या व्यहोर्नुका साथै वस्तु र सेवाको मूल्य समेत बढ्ने गरेको छ ।



- बजेटमा २० वर्ष भित्र २५००० मेघावाट विद्युत उत्पादन गर्ने प्रतिबद्धता उल्लेख गरिएको छ तर २५ हजार मेघावाट विद्युत उत्पादन गर्न श्रोत जुटाउने माध्यम लगानीकर्ता तथा प्रक्रियाहरु सार्वजनिक नहुंदा विगत वर्षको बजेटमा उल्लेख गरिए जस्तै प्रतिबद्धतामानै सीमित नराखी कार्यान्वयन गर्न आधार तयार गर्न जरुरी देखिन्छ ।
- स्वदेशी तथा विदेशी लगानीकर्ताहरुको लगानी प्रोत्साहन गर्न कुनै ठोस कार्यक्रम आएको छैन । लगानीकर्तालाई विश्वासमा लिन तत्काल कदम चाल्नु पर्छ ।
- पूर्वाधारमा लगानी गर्दा बढी अनिश्चितता र लगानीको प्रतिफल ल्याउन बढी समय कुर्नु पर्ने भएकोले निजी क्षेत्र कम समयमा प्रतिफल पाउने क्षेत्रमा लगानी गर्न अग्रसर रहन्छ । सोही सन्दर्भलाई मध्यनजर गरी पूर्वाधार क्षेत्र जस्ता दीर्घकालमा प्रतिफल प्राप्त गर्ने क्षेत्रमा Soft Loan वा करमा छुट दिई प्रोत्साहन गर्नु पर्छ ।
- "नेपाल चीया" र "नेपाल कफि" को नामबाट यी बस्तुलाई अन्तर्राष्ट्रिय बजारमा "ब्राण्डिङ्ग" गर्न सरकारले बजेटमा गरेको व्यवस्था पशिमना तथा कार्पेटमा पनि हुनु पर्दछ ।
- विशेष आर्थिक क्षेत्र सम्बन्धी ऐन तथा लगानी बोर्ड सम्बन्धी ऐन धेरै समयदेखि मस्यौदा भए पनि कार्यान्व.यनमा आउन सकेको छैन । यी ऐनहरु २ महिना भित्रमा कार्यान्वयन गर्नु पर्छ ।
- पूर्वाधार विकास बैंकको स्थापना गर्ने प्रतिबद्धता विगतका धेरै बजेटहरुबाट आए पनि अहिलेसम्म स्थापना हुन सकेको छैन । यसको लागि सरकारी निजी क्षेत्रको संयुक्त प्रयासमा तत्कालै स्थापना गर्ने वातावरण बनाउनु पर्दछ ।
- द्वन्दकाल तथा त्यस भन्दा अगाडिका विभिन्न परिस्थितिजन्य कारणहरुले रुग्ण भई बन्द भएका तथा अत्यन्तै कम क्षमतामा सञ्चालन भएका उद्योगहरुले उल्लेखनीय रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन हुन सक्ने उद्योगहरुलाई पुनःस्र्थापना गर्न सरकारले न्यून व्याजदर तथा कर छुट जस्ता व्यवस्था ल्याई सञ्चालन गर्ने वातावरण बनाउनु पर्छ ।
- यस वर्षको बजेटले विश्व व्यापार संगठन तथा अन्य क्षेत्रीय व्यापार सम्झौता कार्यान्वयन गर्न धेरै तयारी बस्तुहरुमा भन्सार दरवन्दी घटाएको छ । तर सोही अनुरुप कच्चा पदार्थको दरहरुमा समायोजन हुन नसकेको कारण उद्योगहरुलाई निकै मर्का पर्न गएको छ । स्वदेशी उद्योगलाई संरक्षण गर्न भन्सार दरवन्दीमा निश्चित मापदण्ड (Effective Protection Rate) को आधारमा भन्सार दरवन्दी समायोजन गर्ने व्यवस्था हुनु पर्दछ ।
- निश्चित मापदण्डको गुणस्तर भन्दा सार्वजनिक क्षेत्रले खरिद गर्दा स्वदेशी बस्तुनै अनिवार्य रुपले खरिद गर्नु पर्ने व्यवस्था गरेमा आर्थिक क्रियाकलाप बृद्धि हुने तथा रोजगारीको अवसर समेत बृद्धि हुने भएकोले सोको तत्काल कार्यान्वयन हुनु पर्छ ।
- बैंक, होटेल,रेष्टूराँ व्यवसाय आदिलाई तोकिएको ठाउंमा स्थापना गर्नु पर्ने बजेटमा गरिएको व्यवस्था पूर्ण अव्यवहारिक भएकोले यस किसिमको व्यवस्था कार्यान्वयन गरिनु हुँदैन ।
- जलविद्युत क्षेत्रको आवश्यक निर्माण सामाग्रीहरुमा समेत भ्याट लाग्दा उक्त क्षेत्रको लागत अत्यधिक बढ्न जाने भएकोले निर्माण सामाग्रीमा समेत यो कर हटाउनु पर्ने तथा स्थानीय बासिन्दाबाट हुने अवरोधलाई न्यून गर्न स्थानीयबासीलाई कति सुविधा दिनु पर्ने सो स्पष्ट आउनु पर्दछ तथा भरपर्दो शान्ति सुरक्षाको व्यवस्था गर्नु पर्दछ ।
- निजी क्षेत्रलाई प्रोत्साहन गर्न केहि थप दरमा उर्जा क्षेत्रमा Power Purchase Agreement तत्काल गर्ने व्यवस्था हुनु पर्छ तथा ईजाजत लिए पनि उत्पादन शुरु नभएको ईजाजतको तत्काल अनुमति रद्ध गर्नु पर्दछ
- ट्रेड स्कूल कार्यक्रमलाई चौधै अञ्चलमा विस्तार गरिनु पर्दछ । यसको लागि सरकारबाट अनुदानको व्यवस्था हुनु पर्दछ ।
- न्यून विजकिकरण भन्सारका कर्मचारी तथा व्यवसायीहरुको मिलोमतोमा हुने भएकोले न्यून विजकिकरणमा संलग्न कर्मचारीहरुलाई कडा भन्दा कडा सजायं गर्ने व्यवस्था हुनु पर्दछ । न्यूनबिजकीकरण भएका सामानहरुको खरिद गर्न यथोचित बजेटको व्यवस्था तथा उक्त व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।
- छिमेकी मुलुक भारतमा करको दायित्व ४ प्रतिशत भन्दा बढी नभएको तोरीको तेल, मैदा तथा वनस्पतिजन्य घ्यू उद्योगमा नेपालमा १५ प्रतिशत भन्दा बढी करको दायित्व पर्ने गएकोले चोरी पैठारी हुने सम्भावना तथा स्वदेशी उद्योगलाई समेत नकारात्मक असर पर्ने भएकोले वनस्पति घ्यू उद्योगको कच्चा पदार्थहरुमा १ प्रतिशत भन्सार र मूल्य अभिबृद्धि कर छुट तथा तोरीको तेल उत्पादन गर्ने उद्योग तथा मैदा उद्योगहरुलाई मूल्य अभिबृद्धि करमा साविक बमोजिमनै छुट दिन उपयुक्त देखिन्छ ।
- भारतमा उत्पादित वस्तु भारतबाटनै पैठारी गर्दा हाल २५ प्रतिशत भन्दा बढी भन्सार लाग्ने बस्तुमा ५ प्रतिशत र सो भन्दा कम भन्सार दर लाग्ने बस्तुमा ७ प्रतिशत मात्र छुट हुने व्यवस्थाको कारण Margin of Preference कम हुन गएकोले नेपाल भारत वाणिज्य सन्धिको मर्मलाई मध्य नजर राखी कम्तिमा पनि २० प्रतिशत छुट हुनु पर्ने व्यवस्था हुनु पर्ने ।
- भारतको विशेष आर्थिक क्षेत्र (SEZ/ EPZ) बाट नेपाल आयात गरिने मालसामान परिवर्त्य विदेशी मुद्रामा आयात गर्न पाउने व्यवस्था हुनु पर्ने । तेश्रो मुलुकमा प्रतितपत्र खोली अन्य देशहरुको भंसारको नियन्त्रण रहेको Bonded Ware House मार्फत उक्त देशबाट Shipment गर्न पाउने व्यवस्था हुनु पर्ने ।
- औषधी उद्योगहरुले गुणस्तर नियन्त्रण तथा अनुसन्धानका लागि प्रयोग गर्ने Laboratory Equipments मेशिनरीहरुमा मूअक पुर्णत छुट हुनु पर्ने ।
- चिया, कफि, हस्तकला, खाद्यान्न आदि निकासी जन्य वस्तुहरु उत्पादनकर्ता किसान र साना उद्योगले प्रत्यक्ष निकासी गर्न नसक्ने हुंदा त्यस्ता सामानहरु खरीद गरी निकासी गर्ने निकाय (Export House) को स्थापना र कार्यान्वयन गरी यस्ता निकायले निकासी उद्योगहरुले पाए सरहको भन्सार सुविधा पाउने व्यवस्था हुनु पर्ने ।
- High sea Sale तथा High Sea purchase सम्बन्धमा निजी क्षेत्रको संलग्नतामा अध्ययन गरिने प्रतिवद्धता बजेटमा आएकोले उक्त व्यवस्था तत्काल कार्यान्वयन हुनु पर्दछ ।
- गिट्टी तथा ऋसर बालुवामा गरेको निकासी महशूल साविककै दरमा हुनु पर्ने ।
- प्लाष्टिक उद्योगको कच्चा पदार्थ ग्रेनुअलल्समा साविकमा ७.५ प्रतिशत भन्सार महशुल लाग्दै आएकोमा यस वर्ष १० प्रतिशत भन्सार महशूल कायम गरिएको छ तथा अन्तःशुल्क समेत थप गरिएको छ । यस किसिमको व्यवस्थाले उपरोक्त उद्योगहरुलाई थप समस्या पर्न गएकोले साविक बमोजिम भंसार महशुल कायम गर्नु पर्दछ ।
- बजेटमा व्यापारिक प्रयोजनका रुपमा घर जग्गाको कारोवारलाई पूंजीगत कर तथा मूल्य अभिवृद्धि करको दायरामा ल्याएको देखिन्छ । स्वामित्व ग्रहण गरेका व्यक्तिबाट मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था अस्पष्ट एवं अव्यवहारिक देखिन्छ तथा पूंजीगत कर तिरिसकेपछि समायोजन गर्न पाउने व्यवस्था हुनु पर्ने ।

O. बजेटमा घरेलु ग्राम अवधारणा आएपनि निर्यात क्षेत्रको लागि विगत वर्षदेखि माग भै आएको ह्याण्डिक्राफ्ट ग्राम यस वर्ष पनि बजेटमा समावेश नभएकोले यस व्यवस्थालाई कार्यान्वयन हुनु पर्ने ।

O. सबै जेनेटरमा १ प्रतिशत भन्दा बढि भंसार लाग्न नहुने तथा मूल्य अभिवृद्धि कर पूर्णत छुट हुनु पर्ने ।

O. अन्त:शुल्क निर्धारण कुनै विवाद भएमा नगद धरौटी राखी पुनरावलोकन तथा पुनरावेदन गर्ने व्यवस्था न्यायोचित नभएकोले बैंक ग्यारेन्टीमा पुनरावलोकन तथा पुनरावेदन निवेदन दिन पाउने व्यवस्था हुनु पर्ने ।

O. कपडाको कच्चा पदार्थ धागो लगायत यन्त्र उपकरणमा मूल्य अभिबृद्धि कर लागि रहेकोले मूल्य अभिवृद्धि कर खारेज गरिनु पर्ने ।

O. विगत देखि नै सैद्धान्तिक रुपमा सहमति भए अनुसार तयारी पदार्थ भन्दा कच्चा पदार्थमा बढि भंसार भएका सिमेन्ट तथा पेन्टस उद्योगहरुको कच्चा पदार्थमा तयारी पदार्थमा भन्दा कम भंसार हुनु पर्दछ ।

O. निजी क्षेत्रबाट संचालित धुलो दुध कारखानालाई विगत वर्षदेखि दिई आएको १५ प्रतिशत ब्याज अनुदान यस वर्ष पनि नियमित हुनुपर्ने ।

# नेपालसँगको व्यवसायिक सम्बन्धलाई नयाँ उचाईमा स्थापित गर्ने यूनानको इच्छा

दक्षिण एशियाली मुलुकहरुसँगको आर्थिक सम्बन्धलाई निकै मजवुत बनाउने अभियानमा रहेको चीनको यूनान प्रान्तले नेपालसँगको आर्थिक व्यापारिक सम्बन्धलाई नयाँ उचाईमा स्थापित गर्ने इच्छा देखाएको छ । सूर्ति, पर्यटन, खनिज, जल उर्जा, जैविक प्रविधिमा सम्पन्न यूनान प्रान्तले नेपालसंग पर्यटन, खानिजजन्य उद्योग, जल उर्जा लगायतका क्षेत्रमा सहकार्य गरी अगाडी बढ्ने चाहना देखाएको छ। यूनानले कुनमिङ–काठमाडौं सिधा हवाई उडान छिट्टै संचालन गर्ने विश्वास समेत दिलाएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल–चीन उद्योग वाणिज्य संघद्वारा यूनान प्रान्तको वाणिज्य विभागका उप–महानिर्देशक ली जिमिङको नेतृत्वमा नेपाल भ्रमणमा आएको यूनानको आर्थिक वाणिज्य प्रतिनिधिमण्डलसँग संयुक्त रुपमा हालै महासंघ सचिवालयमा आयोजित भेटघाट एवं अन्तरक्रिया कार्यक्रममा चिनीयाँ पक्षबाट सो धारणा व्यक्त गरिएको हो ।

नेपाल र यूनान बीच विद्यमान आर्थिक तथा व्यापारिक सम्बन्ध, पर्यटन, कृषि, जल उर्जा जस्ता महत्वपूर्ण क्षेत्रमा हुन सक्ने संयुक्त लगानी तथा प्रविधिका विषयमा केन्द्रीत उक्त कार्यक्रममा महासंघका तर्फबाट प्रस्तुत गरिएको “नेपालमा व्यापार तथा लगानीका अवसरहरु” विषयक कार्यपत्रलाई यूनानको प्रतिनिधिमण्डलले निकै उत्सुकतापूर्वक लिई पर्यटन, जल विद्युत, खानीजन्य उद्योगमा हासिल गरेको अनुभव र यी क्षेत्रहरुमा नेपालमा रहेको प्रचुर सम्भाव्यता बीच सहकार्य हुन सक्ने विश्वास दिलाएको छ ।

प्रारम्भमा प्रतिनिधिमण्डलको स्वागत गर्नुहुँदै महासंघका अध्यक्ष कुशकुमार जोशीले आर्थिक रुपमा सम्पन्न चीनको यूनान प्रान्तले उर्जा, पर्यटन, कृषि, खनिजजन्य उद्योग जस्ता क्षेत्रमा हासिल गरेको विशेषज्ञता नेपालका लागि निकै महत्वपूर्ण हुने र यी क्षेत्रमा यूनानको अनुभव भित्र्याउन नेपाली निजी क्षेत्र उत्सुक रहेको बताउनु भयो । अध्यक्ष जोशीले यी क्षेत्रमा संयुक्त लगानीका लागि आग्रह समेत गर्नु भयो ।

सो अवसरमा प्रतिनिनिधिमण्डलका नेता एवं युनान वाणिज्य विभागका उपमहानिर्देशक लीले चीनको केन्द्रीय सरकारको नीति अनुसार नेपालसँगको आर्थिक व्यापारिक सम्बन्धलाई नयाँ उचाईमा लैजान चाहेको बताउनु भयो। उपमहानिर्देशक लिले आगामी सन् २०१० मा कुनमीङमा आयोजना हुने अन्तराष्ट्रिय




व्यापार मेलामा नेपालको सहभागितालाई आफनो प्रान्तले निकै महत्वका साथ हेरेको र उक्त मेलामा करिव एक सय नेपाली स्टललाई नि: शुल्क सहभागिता दिने विश्वास समेत दिलाउनु भयो। यसबाट नेपालको चीनसंगको व्यापार घाटालाई केही न्युनिकरण गर्नमा समेत सहयोग पुग्ने विश्वास प्रकट गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव पुरुषोत्तम ओझाले दुवै देशका निजीस्तरबाट आर्थिक, व्यापारिक, संयुक्त लगानी विस्तारमा हुने गतिविधिलाई नेपाल सरकारका तर्फबाट पूर्ण सहयोग रहने विश्वास समेत दिलाउनु भयो ।

महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकालले पनि वोल्नु भएको सो कार्यक्रममा वरिष्ठ उपाध्यक्ष सुरज वैद्यले बैदेशिक लगानीका लागि नेपाल सरकारले अत्यन्त उदार नीति अवलम्वन गरेकाले नेपालमा कृषि तथा यससग सम्बन्धित उद्योग व्यवसाय, जडीवूटी, पर्यटन, जलश्रोत, खानीजन्य उद्योग, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार जस्ता क्षेत्रमा लगानीका लागि यूनानको प्रतिनिधिमण्डललाई आग्रह गर्नुभयो ।

महासंघको कार्य समितिका सदस्यहरु, नेपाल चीन उद्योग वाणिज्य संघका सदस्य एवं चीनसँग व्यवसायिक कारोवार गर्ने नेपाली व्यवसायीहरुको सहभागिता रहेको सो कार्यक्रममा नेपालस्थित चिनियाँ राजदुतावासका इकोनोमिक काउन्सिलर पाई तोडमिङ (Bai Dongmin) ले दुई देश बीचको आर्थिक सम्वन्ध विस्तार र राजदुतावासको तर्फबाट पूर्ण सहयोग रहने विश्वास दिलाउनु भयो ।

कार्यक्रमको अन्त्यमा नेपाल चीन उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष ज्योतिकुमार वेगानीले धन्यवाद मन्तव्य व्यक्त गर्नु भएको थियो ।

# प्रधानमन्त्री समक्ष ज्ञापनपत्र पेशः तत्काल शान्ति वहाली होस

नागरिक पेशा व्यवसायी संजालका तर्फबाट प्रधानमन्त्री माधवकुमार नेपाल समक्ष हालै शान्ति सुरक्षाको तत्काल वहाली गर्न माग गर्दै ज्ञापनपत्र पेश गरिएको छ ।

ज्ञापनपत्रमा क)शान्ति, सुरक्षा तत्काल बहाली होस्, ख) दण्डहिनताको तुरुन्त अन्त होस्, ग) संविधान निर्माणको कार्यलाई प्राथमिकताका साथ अघि बढाइयोस्, घ) मूल्य बृद्धि एवं अभाव हुन नदिनुका साथै न्यूनतम् जीवयापन गर्ने नागरिकको हक अधिकारको प्रत्याभूति गरियोस्, ङ) राजनीतिक समस्याहरुको पहिचान सहित राष्ट्रिय हितलाई दृष्टिगत गरी असहमत पक्षहरुसँग वार्ताद्वारा समस्या समाधान गरियोस्, च) शान्तिपूर्ण आन्दोलको अधिकार सुनिश्चित गर्दै जनस्वास्थ्य एवं वातावरणमा प्रतिकूल असर पर्ने गतिविधि बन्द गरियोस्, छ) कानूनी शासनको प्रत्याभूति गरियोस् लगायतका मागहरु राखि सरकारको तत्काल ध्यान जान आग्रह गरिएको छ ।

ज्ञापनपत्रमा देशमा देखिएका समस्याहरुको समाधान गर्ने तर्फ सरकार अगाडि बढेन भने राष्ट्र असफल हुने मात्र हैन अझ गम्भीर खालको गृहयुद्ध र अराजकताको खाडलमा लामो समयसम्म फस्ने हुँदा तत्काल सरकारबाट गम्भीर कदम उठाइयोस् भन्दै आधारभूत मानवअधिकार सहितको लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप कानूनी शासनको प्रत्याभूति प्रदान गर्न प्रधानमन्त्री नेपालको ध्यानाकर्षण गराइएको थियो ।

नागरिक पेशा व्यवसायी सञ्जालका तर्फबाट पेशा व्यवसायीहरुको संगठन (पापड) एवं नेपाल चिकित्सक संघका अध्यक्ष केदारनरसिंह के.सी., नेपाल मानव अधिकार संघठनका अध्यक्ष सुदिप पाठक, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले संयुक्त रुपमा उक्त ज्ञापनपत्र प्रधानमन्त्री समक्ष पेश गर्नु भएको थियो ।

त्यसअघि संजालद्वारा गत असार १२ गते महासंघको सचिवालयमा एक पत्रकार सम्मेलनको आयोजना गरि देशमा निरन्तर रुपमा दिनहु जसो बन्द, हडताल चक्का जाम जस्ता गतिविधिका साथै हत्या, आक्रमण, अपहरण, चोरी, डकैती, लुटपाट जस्ता चरम अमानवीय एवं अपराधिक गतिविधि र दण्डहिनताको स्थितिले राष्ट्रिय समस्याको रुप लिँदै गएको जनाउदै यस प्रकारको अनिश्चितता र असुरक्षाको स्थितिले जनजीवनको आधारभूत आवश्यकता जुटाउन र शान्तिपूर्ण रपमा बाँच पाउने, हिड्डुल गर्न र पेशा व्यवसाय गर्न पाउने हक अधिकारको समेत कुण्ठित हुँदै गएको भन्दै चिन्ता प्रकट गरेको थियो ।

पत्रकार सम्मेलनमा सोही कुरालाई मध्यनजर राखि नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श लगायत मानव अधिकारवादी, नागरिक समाज तथा निजी क्षेत्रका विभिन्न पेशा व्यवसायसँग सम्बन्धित करिब चार दर्जन संघ/संस्थाको सहभागितामा २०६६ असार ११ गते दण्डहिनताको अन्त्य र कानूनी शासनका लागि नागरिक पेशा व्यवसायी संजाल गठन गरि दवाबमूलक कार्यक्रमहरु अघि बढाउने घोषणा समेत गरिएको थियो ।



*(प्रधानमन्त्री समक्ष सञ्जालका तर्फबाट ज्ञापनपत्र पेश गर्नुहुँदै महासंघका अध्यक्ष जोशी)*

पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष जोशी, नेपाल मानव अधिकार संगठनका अध्यक्ष सुदिप पाठक, पेशागत सञ्जाल महासंघ (पापड) का अध्यक्ष डा. केदार नरसिंह के.सी., महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले देशमा अपराधिक गतिविधि र दण्डहिनता बढ्दै जाँदा केही समय देखि आम नागरिकले बाँच्न नपाउने र पेशा व्यवसाय गर्न तथा दैनिक जीवन धान्नै नसक्ने अवस्था भएको अवस्थामा उद्योग व्यापार व्यवसाय मात्र नभई शान्ति सुरक्षा लगायत जनताका आधारभूत आवश्यकता पुरा गर्न गराउन पहल गर्दै आएको महासंघ लगायत करिब ४ दर्जन संघ/संस्थाको सहभागितामा नागरिक पेशा व्यवसायक सञ्जाल" गठन गरि समस्या समाधानका लागि पहल प्रारम्भ गरिएको र यसलाई सशक्त रुपमा अगाडि बढाउने बताउनु भएको थियो ।

## समाचार संक्षेपमा

### अर्थमन्त्री पाण्डे

अर्थमन्त्री सुरेन्द्र पाण्डेसंग नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले हालै अर्थमन्त्रालयमा भेट गरि सरकार र निजी क्षेत्रको साझेदारीमा संचालित कार्यक्रमहरुको निरन्तरता तथा आर्थिक क्षेत्रको विकासका लागि सरकारले आगामी आर्थिक वर्षको वजेटमा गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा सुझावहरु प्रस्तुत गऱ्यो ।

नवनियुक्त अर्थमन्त्री पाण्डेलाई वधाई दिन गएको महासंघको प्रतिनिधिमण्डलमा उपाध्यक्षहरु भाष्करराज राजकर्णिकार र प्रदीपजंग पाण्डे एवं महासंघको भंसार तथा अन्तः शुल्क समितिका सभापति दिनेश श्रेष्ठ, कर तथा राजश्व समितिका सभापति प्रदीपमान वैद्य र सामाजिक सेवा समितिका सभापति लोक विक्रम थापाको सहभागिता थियो ।

### उद्योग मन्त्री

उद्योग मन्त्री महेन्द्रराय यादवसँग नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले हालै उहाँको कार्य कक्षमा भेटगरि निजी क्षेत्रको सुझाव अनुसारको उद्योग नीति छिटो ल्याउन जोड दिएको छ ।

सो अवसरमा महासंघको प्रतिनिधिमण्डलले उद्योगमन्त्री समक्ष औद्योगिक सुरक्षा वल शीघ्र गठन हुनु पर्ने, आगामी नया वजेटमा उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम आउनु पर्ने, औद्योगिक अशान्तिको अन्त्य, "हायर एण्ड फायर", श्रम लचकता सहित श्रम सम्बन्ध सुमधुर हुनु पर्ने लगायतका सुझावहरु राखेको थियो । प्रतिनिधिमण्डलमा महासंघका उपाध्यक्ष प्रदीपजंग पाण्डे, उद्योग समितिका सभापति अशोककुमार तोदी तथा सह-सभापति श्यामकुमार लोहिया हुनुहुन्थ्यो ।

### स्थानीय विकासमन्त्री

स्थानीय विकासमन्त्री पूर्णकुमार शर्मा लिम्बुसँग महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा महासंघका कार्यकारिणी समिति सदस्यहरु एवं विभिन्न जिल्ला उद्योग वाणिज्य संघका अध्यक्षहरु सहितको प्रतिनिधिमण्डलले गत असार २२ गते भेटि कवाडीका खारेजीका विषयमा सरकारका सम्बन्धित मन्त्रालय र महासंघ वीच गत वर्ष भएको सहमति तथा निर्णय अनुसार गर्ने गरी आगामी वर्षहरुका लागि कवाडी कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्तको टेण्डर तत्काल रोक्न जोडदार आग्रह गरेको थियो ।

# महासंघको कार्यकारिणी समितिको ८ औं बैठकका निर्णयहरू

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको अध्यक्षतामा गत असार १९ गते भक्तपुरमा सम्पन्न आठौ कार्यकारिणी समितिका निर्णयहरु:

१. चरम दण्डहिनता, शान्ति सुरक्षाको अत्यन्त नाजुक अवस्था, बन्द हड्ताल चक्काजाम जस्ता चरम अराजकताबाट मुलुक र मुलुकवासीले अत्यन्त पीडा वोध गरिरहेको अवस्था, लामो समयदेखि संसद अवरुद्ध भई वजेट लगायतका अत्यन्त महत्वपूर्ण राष्ट्रिय निर्णयहरु हुन नसक्ने अवस्था सृजना भएको प्रति गम्भीर चिन्ता प्रकट गर्दै वैठकले सरकार, सबै राजनीतिक दलहरुलाई विद्यमान कहाली लाग्दो अवस्थाप्रति गम्भीर भई राष्ट्रलाई सही निकास दिन आग्रह गर्ने,

२. आव २०६६/०६७ को वार्षिक वजेट आउनु पूर्व तथा कवाडी करका विषयमा विगतमा नेपाल सरकार र महासंघ बीच भएको सहमती समेतलाई वेवास्ता गरि विभिन्न जिल्लाहरुमा केही दिनयता गुण्डागर्दी तथा हुलहुज्जतबाट सो कर उठाउन ठेकेदार छनौट गर्ने जस्तो अत्यन्त गैर कानूनी कार्य भैरहेको प्रति वैठकले गहिरो चिन्ता सहित गम्भीर आपत्ति प्रकट गर्दै कवाडी कर पूर्णत खारेज गर्न नेपाल सरकार तथा सम्वन्धित निकायमा सशक्त आवाज उठाउने,

३. यसैगरि मूल्य अभिवृद्धि करमा वहुदर (Multiple Rate) लागू गर्न, विगतको सरकारले ल्याएको यूवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिने र नयाँ संविधान नवनेसम्म कुनै पनि नयाँ कर नल्याउन पनि नेपाल सरकार अर्थ मन्त्रालयलाई दवाव दिने,

४. महासंघको पहलमा अघि सारिएको "साना मझौला जलविद्युत आयोजना निर्माण सम्बन्धमा FNCCI र जिल्ला विकास समिति महासंघ समेतका संस्थाहरुसंग भएको सम्झौता अनुसार यस्ता आयोजनाको प्राविधिक पक्षवारे अध्ययन सहित प्रस्ताव पेश गर्न "हाइड्रो सोलुसन्स प्रा.लि." लगायतका अन्य संस्थाहरुको पहिचान गरि Technical Expert को रुपमा काम गराउने,

५. यसैगरि Corporate Social Responsibility को भावना अनुरुप अघि सारिएको काठमाडौंको फोहोर व्यवस्था गर्ने सम्बन्धमा महासंघ, काठमाडौं महानगरपालिका, उपत्यकाका उद्योग वाणिज्य संघहरु, नगरपालिका एवं जिल्ला विकास समिति बीचको सहमति अनुसार वैकल्पिक उर्जा व्यवस्थापन सम्बन्धमा अध्ययन गर्न Power Take प्रा.लि. लाई जिम्मा दिने,

६. पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण नगरकोटलाई श्रम विवाद मुक्त प्रमुख पर्यटकीय क्षेत्रको रुपमा स्थापित गर्न सबै निकायहरु (ट्रेड यूनियन, रोजगारदाता तथा नेपाल सरकार) मा पहल गर्ने र यसलाई नमूनाको रुपमा लिई अन्य प्रमुख पर्यटकीय स्थलहरुलाई पनि सोही प्रकार ले श्रम विवाद मुक्त क्षेत्र बनाउन पहल गर्ने,

७. भक्तपुर उद्योग वाणिज्य संघको भक्तपुर जिल्लालाई व्यवसायिक कृषि, हस्तकला तथा पर्यटन क्षेत्रको रुपमा विकास गर्ने एवं तीनकूने सूर्य विनायक सडक चौडा गर्ने लक्ष्यलाई साकार रुप दिन महासंघका तर्फबाट ठोस रुपमा पहल गर्ने,

८. सरकारले महासंघको मुख्य सहभागितामा ल्याएको "यूवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम" अन्तरगत निवेदन दिई अभिमूखीकरण तालीम समेत लिई सकेका उद्यमीलाई उनीहरुको परियोजनाको सम्भाव्यताका आधारमा अविलम्व ऋण प्रवाह गर्ने कार्यलाई तत्काल अघि बढाउन नेपाल सरकार, अर्थमन्त्रालय तथा नेपाल वैकर्स एसोसएसन एवं अन्य बैकिङ संघ/संस्थाहरुसँग पहल गर्ने ।

कार्यकारिणी समितिको बैठकले महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकाल, उपाध्यक्षहरु कृष्णप्रसाद ताम्राकार, भाष्करराज राजकर्णिकार, प्रदीपजंग पाण्डेद्वारा प्रस्तुत परिषद तथा समितिको प्रतिवेदन, महानिर्देशकको प्रतिवेदन र विभिन्न समिति तथा फोरमका सभापति एवं संयोजकहरुद्वारा प्रस्तुत गतिविधि एवं कार्यक्रमहरु संशोधन सहित अनुमोदन गरेको थियो ।

सोही दिन विहान नगरकोटमा महासंघको उद्योग वाणिज्य परिषदको बैठक परिषदका सभापति एवं उपाध्यक्ष कृष्ण प्रसाद ताम्राकारको सभापतित्व र महासंघका अध्यक्ष जोशीको प्रमुख आतिथ्यमा बसी कार्यकारिणी समितिमा जिल्ला/नगर उद्योग वाणिज्य संघहरुको विकासका लागि विभिन्न शिफारि शहरु पेश गर्ने निर्णय पनि गरेको थियो ।

महासंघले गत असार २१ गते पत्रकार सम्मेलनको आयोजना गरि बैठकका निर्णयहरु सार्वजनिक गरेको थियो ।

# उत्पादकत्वलाई अभियानकै रूपमा लैजान 'उत्पादकत्व गुणस्तर सहजकर्ता क्लव' स्थापना

*उद्योग प्रतिष्ठानहरुको उत्पादकत्व तथा गुणस्तर बढाई तिनीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उद्योग मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ, उत्पादकत्व तथा गुणस्तर समितिको संयुक्त तत्वाधनामा हालै काठमाडौंमा आयोजित उत्पादकत्व सहजकर्ता विकास कार्यक्रममा सहभागी प्रशीर्थीहरुको सक्रिय सहभागितामा "उत्पादकत्व गुणस्तर सहजकर्ता क्लव" स्थापना गरिएको छ ।*

*क्लवले मुलकभर गुणस्तर सुधार सहितको उत्पादकत्व प्रवर्द्धनलाई अभियानको रुपमा अगाडी बढाउने लक्ष राखेको छ ।*

*उत्पादन तथा सेवामूलक उद्योग प्रतिष्ठानका २२ जनाको सहभागितामा उत्पादकत्व सम्बन्धी बिभिन्न विषयमा प्रशिक्षण दिइएको सो कार्यक्रमका सहभागी प्रशिक्षार्थीहरुले तालीमको अन्तिम दिन उत्पादकत्व अभिवृद्धि कार्यक्रमलाई अभियानकै रुपमा देशभर पुऱ्याउने उद्देश्य अनुरुप क्लव स्थापना गरि प्रतिवद्धता समेत जनाएका छन् ।*

*सो अवसरमा तालीमका प्रशिक्षार्थीहरुलाई उद्योग मन्त्रालयका सचिव प्रतापकुमार पाठक र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले संयुक्त रुपमा प्रमाणपत्र वितरण गर्नुभयो ।*

*कार्यक्रममा महासंघको उत्पादकत्व तथा गुणस्तर समितिका सभापति विजय बहादुर श्रेष्ठ प्रशिक्षार्थीहरु विकास मानन्धर तथा उषा खतिवडा, उत्पादकत्व तथा गुणस्तर समितिका सह–सभापतिका दिनेश अधिकारी, उद्योग मन्त्रालयका वरिष्ठ अर्थशास्त्री डा. दुर्गेश कुमार श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।*

## - वाणिज्य विवाद समाधान प्रक्रिया -

नेपालमा व्यवसायिक समस्या समाधान सम्बन्धी छुट्टै अदालतको व्यवस्था र अनुकुल औद्योगिक व्यवसायिक वातावरण नभएसम्म वैदेशिक लगानी आउन नसक्ने धारणा निजी क्षेत्रको छ। नेपालमा व्यवसायिक विवादको सही समाधान हुन सक्छ भन्ने लागेमा मात्र विदेशी लगानी आउन सक्छ – नेपाल उद्योग वाणिज्य महासंघद्वारा वाणिज्य सम्बन्धी विवादहरुको समाधान प्रक्रिया विषयमा हालै महासंघ सचिवालयमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरुको धारणा थियो।

नेपाल सरकारले वाणिज्य इजलास गठनका लागि निर्णय गरिसकेको सन्दर्भमा इजलासको कार्य प्रक्रिया र अप्ठेराहरु पहिल्याउने उद्देश्यले आयोजित उक्त अन्तरक्रियामा सहभागीहरुले व्यवसायिक कारोवार सम्बन्धी विज्ञहरु विवाद समाधानमा संलग्न भएमात्र सही निर्णय आउन सक्ने हुँदा इजलासमा त्यसप्रकारको जनशक्तिको व्यवस्था हुनुपर्ने, वाणिज्य इजलासहरु अल्पकालिन व्यवस्था मात्र हुन सक्ने भएकाले पछि गएर अदालतनै स्थापना गर्नुपर्ने, पुनरावेदन अदालतमा मात्र नभई सर्वोच्च अदालतमा पनि वाणिज्य इजलास स्थापना गर्नु, अन्तराष्ट्रिय अनुभव, प्रचलन अनुसार यस्ता इजलासलाई संचालन गर्नुपर्ने, विधिको शासन, दण्डहिनताको अन्त्य हुनु पर्ने सुझावहरु दिएका थिए।

सो अन्तरक्रिया कार्यक्रममा महासंघका अध्यक्ष कुशकुमार जोशीले वाणिज्य इजलासले दिने निर्णय छिटो, छरितो, विश्वसनिय र पारदर्शी हुनुपर्ने तर्फ सदैव चनाखो रहनु पर्ने सुझाव दिनु भयो। अन्तरक्रिया कार्यक्रममा अधिवक्ता नरेन्द्र प्रसाद पाठकले "वाणिज्य इजलास संचालन एवं उजूरी व्यवस्थापन प्रक्रिया" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

नेउवामहासंघ व्यवसायिक मध्यस्थता केन्द्र संचालक समितिका सभापति एवं कार्यकारिणी समितिका सदस्य पशुपति मुरारका, कार्यकारिणी समितिका सदस्यहरु किशोर प्रधान, अशोक तोदी लगायतले वाणिज्य इजलासलाई छिटो छरितो र प्रभावकारी बनाउनु पर्ने, प्रक्रियागत सरलता, क्षेत्राधिकार स्पष्ट हुनुपर्ने, इजलासलाई पूर्ण रुपमा विकास गर्दै लैजानु पर्ने, अन्तराष्ट्रिय व्यापारलाई कानूनी रुपमा सुदृढ गर्नुपर्ने विषयमा सुझाव दिनु भएको थियो।

## सरकारले लगानीको वातावरण बनाउँछ–प्रधानमन्त्री नेपाल

स्वदेशी तथा विदेशी उद्यमी, व्यवसायी तथा लगानीकर्तालाई नेपालभित्रै लगानी गर्न प्रधानमन्त्री माधवकुमार नेपालले आव्हान गर्नु भएको छ। वर्तमान सरकारले नेपालको आर्थिक विकासको एजेण्डलाई प्राथमिकतामा राखेको बताउनुहुँदै प्रधानमन्त्रीले आर्थिक विकासका खम्वाका रुपमा सावित निजी क्षेत्रको लगानी, मेहनत नयाँ नेपाल निर्माणमा आवश्यक भएको बताउनु भयो। नेपाल उद्योग वाणिज्य महासंघ र इण्टरनेशनल जर्नल अफ इण्डष्ट्रि(आइजेआइ)द्वारा संयुक्त रुपमा साउन २० गते काठमाडौंमा आयोजित अन्तराष्ट्रिय सम्मेलनलाई सम्वोधन गर्नुहुँदै प्रधानमन्त्री नेपालले लगानी प्रवर्द्धन र लगानीमैत्री वातावरण निर्माण गर्न नयाँ सुरक्षा नीति सरकारले ल्याएको विश्वास दिलाउनु भयो।

सो अवसरमा महासंघका कार्यवाहक अध्यक्ष सुरज वैद्यले वर्तमान समयमा नेपाली उद्यमी व्यवसायीले भोग्नु परेका समस्या औल्याउनु भएको थियो। कार्यवाहक अध्यक्ष वैद्यले आन्तरिक समस्या र जटिलताले उद्यमी व्यवसायीलाई कामगर्ने वातावरण अनुकुल हुन नसकेको बताउनु भयो।

अमेरिका, भारत, कोरिया, जापान लगायतका देशका विज्ञहरुको सहभागितामा आयोजित उक्त सम्मेलनमा आइजेआइका प्रतिनिधि अनिल मित्तलले औद्योगिकीकरणको प्रभाव प्रत्यक्ष रुपमा प्राकृतिक साधन, स्रोत माथि पर्न गएकाले वातावरण जोगाउन सक्नुनै वर्तमान प्रविधिको युगमा ठूलो चुनौती भएको बताउनु भयो।

दुई दिनसम्म चलेको सो सम्मेलनमा सहभागी मुलुकमा विकास निर्माणका योजनामा प्राकृतिक साधन, स्रोतको उपयोगका साथसाथै वातावरणीय प्रदुषण कम गर्न अपनाइएका विधिवारे छलफल तथा विश्लेषण गरिएको थियो।

## बजेटमा महासंघको अवधारणा

नेपाल उद्योग वाणिज्य महासंघले गत असार ३१ गते एक पत्रकार सम्मेलन आयोजना गरि अर्थ मन्त्री सुरेन्द्र प्रसाद पाण्डेले व्यवस्थापिका संसदमा पेश गर्नु भएको आ.व. २०६६/६७ को बजेट सम्बन्धमा निजी क्षेत्रको धारणा सार्वजनिक गऱ्यो। उक्त बजेट सम्बन्धमा महासंघको अवधारणा यस प्रकार रहेको छ :

(क) प्रस्तुत बजेटले उच्च र समावेशी आर्थिक बृद्धि र आयको न्यायिक वितरणको बाटोमा रहेका अवरोधहरुलाई पहिचान गरी तिनलाई न्यूनिकरण गर्ने दिशामा आफ्नो नीति र कार्यक्रम केन्द्रित गरेको उल्लेख गरेको छ तापनि यस बजेटमा सकारात्मक एवं कमजोर दुवै पक्षहरु पाईएकोले यसमा परिमार्जन एवं थप सुधार हुनु पर्ने आवश्यकता महासंघले महसूस गरेको छ।

(ख) लगानीको वातावरण नहुनु, उच्च मूल्य बृद्धि हुनु, साधन उपयोगका प्राथमिकिकरण नहुनु, बजेट कार्यान्वयन तथा आयोजना व्यवस्थापनमा कमजोरी हुनु, बढ्दो बेरोजगारी, सार्वजनिक संस्थानहरुको कमजोर कार्य सम्पादन जस्ता समस्या र अप्ठेरालाई बजेटले पहिचान गरेको छ, तापनि यस प्रतिकूल परिस्थिति एवं स्वीकारोक्तिका बावजूद त्यस अनुरुपको बांडफांड तथा प्राथमिकिकरण अनुरुपको कार्यक्रम बजेटमा भएको देखिदैन।

(ग) फराकिलो आर्थिक बृद्धिदर हासिल गर्न बजेटले भौतिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिने, पूंजिगत खर्चको बृद्धि गर्ने, सरकारी सेवालाई उत्तरदायी बनाउने, बहुवर्षिय टेण्डर लागू गर्ने जस्ता बिषयहरुका साथै महासंघले बजेट पूर्व दिएका निम्न सुझावहरु बजेटले सम्बोधन गरेकोमा महासंघ यसको हार्दिक सराहना गर्दछ।

१. कवाडि करको खारेजी र लोकमार्गमा कुनै पनि "ढाट" राख्न नपाउने व्यवस्था,
२. स्थानीय विकास शुल्कको खारेजी तथा कृषि विकास शुल्कमा कटौति,
३. नेपाल उद्योग वाणिज्य महासंघको समेतको संलग्नतामा युवा तथा साना व्यवसायी स्वरोजगार प्रशिक्षण कार्यक्रमको निरन्तरता,
४. एकाधिकार व्यवसायको अन्त्य र प्रतिस्पर्धी व्यवसायको विकासको लागि यातायात क्षेत्रमा रहेको सिण्डिकेट प्रथाको खारेजी,
५. बन्द, हडताल र चक्का जामलाई पूर्णत बन्देज लगाउने, तेश्रो पक्ष बीमा तथा बन्द, हडताल

गराउने पक्षबाट क्षतिपूर्ति गराउने व्यवस्था,
६. स्थायी राजश्व बोर्डको गठन ,
७. उर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता एवं लगानीलाई प्रोत्साहन,
८. उच्चस्तरिय लगानी बोर्डको गठन व्यवस्था,
९. पूंजिगत लाभकर घटाउने ।

(घ) यसैगरी नेपाली उद्यमीले विदेशमा लगानी गर्न पाउने व्यवस्था गर्न कानून बनाउने र गैर आवासीय नेपालीहरुलाई "परिचय–पत्र" दिने व्यवस्था प्रोत्साहनयुक्त छ भने २ लाखको निक्षेपमा बीमा सुविधा र मध्यम वर्गलाई कर सहुलियत दिन कर योग्य आयको छुट सीमा बृद्धि गरिनु सकारात्मक देखिन्छ ।

साथै पर्यटन विकासका लागि पर्यटन शुल्कको खारेजी, हवाई सेवाको विस्तार तथा हवाई मैदानको सुधार एवं निर्माण गर्ने कार्यक्रमले आगामी सन् २०११ को "पर्यटन वर्ष" लाई सफल बनाउन थप सहयोग मिल्ने महासंघको विश्वास छ तापनि बैंक, होटल एवं रेष्टूराँ व्यवसाय आदिलाई तोकिएको ठाउंमा स्थापना गर्नु पर्ने बजेटमा गरिएको व्यवस्था पूर्ण अव्यवहारिक छ ।

(ङ) बैदेशिक रोजगारीमा जानेहरुको आयको बचत गरी उत्पादनशिल क्षेत्रमा सदुपयोग गर्ने उद्देश्यले प्रस्ताव गरिएको बैदेशिक रोजगार बचत पत्र (बण्ड) एवं काठमाडौं उपत्यकाको फोहर मैला व्यवस्थापन गर्न उच्चस्तरीय फोहर मैला व्यवस्थापन समितिको व्यवस्था, पूर्वाधार विकास बैंकको स्थापना गर्ने तथा करको क्षेत्रमा प्रस्तावित प्रक्रियागत सुधार सहित करको दायरा बढाउने नीति स्वागत योग्य छन् ।

(च) कृषिमा अनुदानको व्यवस्था, तरकारी खाद्यान्न थोक बजार व्यवस्थापन, कोल्ड स्टोरेजलाई सुविधा, विशेष पशुपालन र खाद्य संकट समाधानको लागि दीर्घकालिन खाद्यान्न सुरक्षा योजनाले कृषि क्षेत्रमा उत्पादकत्व बृद्धि गर्न थप टेवा पुग्ने देखिन्छ ।

यस्तै "नेपाल चीया" र "नेपाल कफि" को नामबाट यी बस्तुलाई अन्तर्राष्ट्रिय बजारमा "ब्राण्डिङ्ग" गर्न सरकारले गरेको व्यवस्था स्वागत योग्य छ । साथै उखु बोर्डको गठन गर्ने व्यवस्था पनि सकारात्मक छ ।

(छ) छिमेकी मुलुकसंगको खुला सीमाना, अवैध व्यापार नियन्त्रण, मूल्य बृद्धि नियन्त्रण तथा करका दरहरुलाई समेत दृष्टिगत गरी निजी क्षेत्र समेतको संलग्नतामा गत वर्ष विभिन्न क्षेत्रसंग विस्तृत अध्ययन एवं छलफल पछि अत्यावश्यक प्राथमिक कृषि तथा सूचना प्रविधिसंग सम्बन्धित वस्तुहरु जस्तै तोरीको तेल, ध्यू, मैदा जस्ता वस्तुमा कम दर हुने गरी मूल्य अभिबृद्धि करलाई बहुदरमा लैजाने प्रस्ताव राजश्व परामर्श समितिले गरेपनि यस वर्षको बजेटले समेत सम्बोधन नगरेकोमा यसको तत्काल कार्यान्वयनको लागि महासंघ पुन जोडदार माग गर्दछ ।

(ज) सरकारी बजेटको सीमितता तथा पूर्वाधारहरुको तत्काल निर्माण गर्नु पर्ने बाध्यतालाई मनन गरी पूर्वाधार क्षेत्रमा निजी तथा सार्वजनिक साझेदारीको आधारमा निजी क्षेत्रलाई सहभागिता गराउने व्यवस्था माग गरे पनि बजेटले सम्बोधन गरेको छैन । यसैगरी, विशेष आर्थिक क्षेत्र सम्बन्धी ऐन, औद्योगिक नीति, बैदेशिक लगानी नीति र वाणिज्य नीतिलाई समसामयिक बनाउने तथा Anti Dumping Act तथा Negotiable Instrument Act ल्याउने प्रस्ताव गरे पनि यस सम्बन्धमा बजेटमा प्रतिबद्धता समेत आएको छैन ।

(झ) उद्योगहरुको विस्तार एवं प्रोत्साहनको लागि अन्तःशुल्कको कर र सूचीहरुलाई कम गर्दै जानु पर्ने महासंघको प्रस्ताव विपरित प्रस्तुत बजेटमा समेत अन्तःशुल्क दर बढ्दै गएकोले उद्योगको प्रतिस्पर्धी क्षमता घट्न जाने देखिन्छ । विगत धेरै वर्षदेखि औद्योगिक मेशिनरीहरुमा २.५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर छुट हुदै आएकोमा यस वर्ष ४ प्रतिशत भन्सार लगाईएको छ । औद्योगिक मेशिनरी तथा गुणस्तर नियन्त्रण र अनुसन्धान सम्बन्धी मेशिनरीहरुमा पूर्णतः कर छुट हुनु पर्दछ ।

साथै जग्गा वर्गिकरण व्यवस्थामा परिवर्तन गर्ने प्रस्तुत बजेटको प्रावधानबाट उद्योगलाई अनुकूल जग्गा पाउन असुविधा हुन जाने देखिएकोले उद्देश्ले "Land Use Mapping" को Concept अविलम्ब आउनु आवश्यक देखिन्छ ।

यसैगरी आन्तरिक उद्योगहरुको संरक्षण र प्रतिस्पर्धी क्षमताको विकास र सुनिश्चितता लागि "Effective Rule of Protection" को व्यवस्था हुन पनि जरुरी छ । यसैगरी नेपाली उत्पादनको सार्वजनिक खरीदमा प्राथमिकता दिनु पर्ने बिषयमा महासंघले वारम्वार सुझाव दिदै आएको हो, तापनि यस सम्बन्धमा बजेट मौन छ ।

(ञ) श्रम समस्याका कारण उद्योगहरुलाई वारम्वार भई रहने अप्ठेरा, झन्झट एवं समस्याको पृष्ठभूमिमा श्रम ऐनमा सुधारका साथै श्रम लचकता, No Work No Pay को व्यवस्था गरिनु पर्ने माग महासंघले गर्दै आएको छ तापनि यो बजेटले समेत यस तर्फ खासै चासो नदेखाएका कारण श्रम समस्या आउंदा दिनमा पनि रही र हने र यसले उद्योगको अवस्था अझ कमजोर हुन जाने तर्फ महासंघ ससंकित छ ।

औद्योगिक एवं अन्य संगठित क्षेत्रमा काम गर्ने श्रमिकहरुको ज्याला उत्पादकत्व एवं न्यूनतम कार्य सम्पादनको आधारमा दुई किसिमले निर्धारण गर्ने उल्लेख बजेटमा भएकोमा त्रिपक्षीय रुपमा यसको आधार तय गरिनु पर्ने महासंघको भनाई छ ।

(ट) हाम्रो बैदेशिक मुद्राको "आयको श्रोत" विप्रेषण (Remittance) मुखि नभई निर्यात मूखि (Export Oriented) हुनु पर्दछ र निर्यात बृद्धि नै विदेशी मुद्रा आर्जनको स्थापित श्रोत हुनु पर्ने महासंघले वारम्वार माग गर्दै आएको छ । तर निर्यात प्रबर्द्धन तर्फ आवश्यक ध्यान नपुगेबाट सो वास्तविकतालाई यस बजेटले स्वीकार गरेको पाईदैन ।

(ठ) ढिलै भएपनि गलैंचाको समस्या पहिचान गर्न "उच्चस्तरीय कार्यदल" को व्यवस्था बजेटमा गरिएको सराहनीय छ तापनि निकासीमा बस्तुगत र देशगत विविधिकरणको दिशामा यस बजेटमा खासै ध्यान पुगेको पाईदैन । यसैगरी प्राकृति विविधता भएको मुलुक विशेषतः दुर्गम र कर्णाली क्षेत्रमा उपलब्ध हुने "जडिबूटी" को विकास विस्तार र निकासी प्रबर्द्धनमा समयमै ध्यान दिनु पनि आवश्यक छ ।

(ड) बजेटमा व्यापारिक प्रयोजनका रुपमा घर जग्गाको कारोवारलाई पूंजीगत कर तथा मूल्य अभिवृद्धि करको दायरामा ल्याएको देखिन्छ । स्वामित्व ग्रहण गरेका व्यक्तिबाट मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था अस्पष्ट एवं अव्यवहारिक देखिन्छ ।

(ढ) कयौं ठूला र कार्यान्वयनका दृष्टिकोणले महत्वाकांक्षी परियोजना बजेटमा समावेश छन् । ठूला पूर्वाधार योजनामा सरकारलेनै लगानी गर्नु पर्छ भन्ने अवधारणा बजेटको पाइन्छ तर निजी क्षेत्र र विदेशी लगानीको सहभागिता विना यस्ता ठूला योजना कार्यान्वयन सम्भव छैन ।

(ण) बढ्दो उर्जा संकटलाई कम गर्न केही वर्षको लागि आयकर छुट दिए पनि बजेटमा उल्लेख गरिए अनुरुप निर्माण सामग्रीमा मूल्य अभिबृद्धि कर छुट दिएको छैन । उर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्न मूल्य अभिबृद्धि कर पूर्णतः छुट तथा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति हुनु पर्दछ ।

(त) द्वन्दका कारण रुग्ण बनेका उद्योगहरुलाई पुनर्स्थापन गर्न विशेष सुविधा दिनु पर्दछ र औद्योगिक पुन:स्थापना कोषको तत्काल कार्यान्वयन हुनु पर्दछ । निर्यात तथा रोजगारीमा उल्लेखनीय योगदान गरेका तयारी पोशाक, गलैंचा, छाला र पश्मिना जस्ता उद्योगहरु हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले रुग्ण अवस्थामा रहेकाले ती उद्योगका क्षेत्रमा विशेष सहुलियत सहितको प्याकेजको घोषणा गरिनु पर्दछ ।

(थ) संक्रमण कालिन राजनैतिक अवस्थामा सार्वजनिक गरिएको यस बजेटबाट निजी क्षेत्रले ठूलो अपेक्षा त राखेको थिएन । तर लगानीको वातावरण सुधार तथा फराकिलो आर्थिक बृद्धिको आधार तयार गर्न लगानीकर्तालाई विश्वासमा लिनुपर्ने महासंघको आधारभूत सुझावमा समेत बजेटले खासै उत्साह थप्न सकेको छैन यद्यपि राजनीतिक दलहरुको साझा प्रतिवद्धता सरकार र निजी क्षेत्रको साझेदारी र विश्वसनियता एवं अत्यन्त कमजोर तथा पुरानै मानसिकताबाट ग्रस्त रहेको सरकारी संयन्त्रलाई चुस्त दुरुस्त बनाउने र बजेटमा समेटिएका विषयहरुलाई मात्र कार्यान्वयन गर्न सकिएमा पनि अर्थतन्त्रमा सकारात्मक परिणाम आउने विश्वास महासंघले गरेको छ ।

# मौद्रिक नीतिका लागि महासंघको सुझाव

नेपाल उद्योग वाणिज्य महासंघद्वारा नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६६/०६७ का लागि जारी गर्ने मौद्रिक नीतिमा निजी क्षेत्रको तर्फबाट गत असार १७ गते सुझाव पेश गरियो । महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नर दीपेन्द्र बहादुर क्षेत्री समक्ष सो सुझाव पेश गरेको थियो ।

राष्ट्र बैंकका वरिष्ठ पदाधिकारीहरु, महासंघका वरिष्ठ उपाध्यक्ष सुरज वैद्य, उपाध्यक्ष प्रदीपजंग पाण्डे, बैंक, विमा तथा वित्त समितिका सभापति पशुपति मुरारका र महासंघका महानिर्देशकको सहभागिता महासंघद्वारा प्रस्तुत सुझावहरुमा विदेशबाट वर्षेनी आउने रेमिट्यान्सलाई सदुपयोग गरि राष्ट्रिय अर्थतन्त्रको विकासमा लगानी गर्न विकास पत्र र नागरिक बचतपत्र जारी गरी लगानीको दायरा बढाउनु पर्ने, भारतबाट सामान आयात गर्दा भारतीय रुपैयाको प्रतित पत्र खोल्ने व्यवस्थाको सट्टा परिवर्त्य विदेशी मुद्रामा प्रतितपत्र खोली सामान आयात गर्न पाउने व्यवस्था हुनुपर्ने, नेपाली लगानीकर्ताबाट देशबाहिर लगानी गर्न पाउने व्यवस्था तत्काल शुरुहुनु पर्ने, सरकारले हालसम्म आफ्नो पैसा नेपाल राष्ट्र बैङ्कमा मात्र राख्ने प्रावधानका कारण तरलता कम हुन गएकोले निजी क्षेत्रमा तरलता बढाउन वाणिज्य बैङ्कमा राख्ने व्यवस्था हुनुपर्ने व्यवस्था आगामी मौद्रिक नीतिमा समेटिनु पर्ने लगायतको थियो ।

त्यसैगरि पूर्वाधार क्षेत्रमा लगानी गर्न हाल आन्तरिक बजारमा पूजी कम भएकोले त्यस क्षेत्रमा लगानी बढाउन विदेशी बैङ्कहरुसंग ब्याज अनुदानमा नेपाल राष्ट्र बैङ्क वा सरकार मार्फत ऋण ल्याउने आवश्यक पहल हुनु पर्ने, नेपाल राष्ट्र बैकले हाल तोकेको नगद मौजदात अनुपात (Cash Reserve Ratio० लाई ४.५ प्रतिशत बनाउनु पर्ने, नेपालमा लाग्ने भंसार महशुल भन्दा भारतमा अन्त:शुल्क बढि लाग्ने वस्तुहरु र भारतको विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रशोधन क्षेत्र (SEZ & EPZ) बाट नेपालमा आयात गरिने मालसामान परिवर्त्य विदेशी मुद्रामा आयात गर्न पाउने व्यवस्था हुनु पर्ने सुझाव महासंघले दिएको थियो ।

पूर्वाधार विकास बैङ्कको तत्काल स्थापना, औद्योगिक पुनरुत्थान कोषको व्यवस्था तत्काल कार्यान्वयन, जलविद्युत जस्ता दीर्घकालिन आयोजनाहरुको भूक्तानी तालिका १८ देखि २० वर्षसम्म गर्नुपर्ने, ऋण प्रवाह गर्दा व्यक्तिगत जमानतको सट्टा परियोजना आधारमा लगानीलाई ध्यान दिनु पर्ने, उत्पादक क्षेत्र जस्तै उद्योग व्यवसाय तथा पुर्वाधारका क्षेत्रमा अनुत्पादक क्षेत्रमा भन्दा कम्तिमा ३ प्रतिशत ब्याज कम हुने व्यवस्था मौद्रिक नीतिमा समेटिनु पर्ने सुझाव महासंघले दिएको छ ।

त्यसैगरि कालोसूचिमा रहेका ऋणको असुली व्यवस्थाको कारण उद्योग वाणिज्य क्षेत्रले ठूलो नोक्सानी व्यहोर्नु परेको सन्दर्भमा हालसम्म रहेको उक्त ऋणको एकपटक राफसाफ गर्नको लागि एक आयोग गठन गरी वित्तिय क्षेत्रमा रहेको समस्या समाधान गरिनु पर्ने, SLF Penalty Rate ३ प्रतिशतलाई २ प्रतिशतमा ल्याउनु पर्ने व्यवस्था आगामी मौद्रिक नीतिमा समेटिनु पर्ने सुझाव महासंघले दिएको छ ।

लगानी तथा विदेशी विनीमय सम्बन्धी सुझावमा महासंघले तेश्रो मुलुकमा प्रतितपत्र खोली भारतीय भंसारको नियन्त्रण रहेका वण्डेड वेयर हाउस मार्फत भारतबाट Shipment गर्न पाउने व्यवस्था हुनु पर्ने, High sea Sale तथा Purchase को लागि स्पष्ट व्यवस्था तत्काल लागु हुनु पर्ने, भार तवाट परिवर्त्य विदेशी मुद्रामा आयात गर्न पाउने कच्चा पदार्थको संख्यामा वृद्धि गरिनु पर्ने, Gold, Copper, Palm Oil Zinc जस्ता वस्तुहरुको आयातमा hedging गर्नु पाउने व्यवस्था हुनु पर्ने, विदेशमा रोजगारी गरि बस्ने व्यक्तिले आर्जन गरेको विदेशी मुद्रा स्वदेशमा भित्रयाउंदा बैकिंङ प्रणालीबाट भित्राउने व्यवस्थालाई प्रोत्साहन गर्न त्यस किसिमको कम्पनीलाई विशेष सुविधा दिनु पर्ने, बैङ्कले रेमिट्यान्स कम्पनीबाट प्राप्त गरेको विदेशी विनिमयलाई तत्काल बिक्री गर्ने अनुमति दिनु पर्ने, नेपाल राष्ट्र बैङ्कले सामान आयातका लागि प्रतितपत्र खोल्दा थप १० प्रतिशत र कच्चा पदार्थ आयात गर्न २ प्रतिशत थप धरौटी लिने व्यवस्था हालको अवस्थामा अव्यवहारिक भएकोले तत्काल संशोधन गर्नु पर्ने, सन् २०१० पछि बैकिङ्ग क्षेत्र विदेशी कम्पनीका लागि खुला गरिने सन्दर्भमा सेवा क्षेत्रका लागि विदेशमा शाखा खोल्न पाउने व्यवस्था तत्काल हुनु पर्ने समेत महासंघद्वारा प्रस्तुत सुझावमा समेटिएको छ ।

# सदस्यहरूको गतिविधिमा महासंघ

## स्याङजा उवासंघको कार्यक्रममा अध्यक्ष जोशी

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले सरकारको मुख ताक्नु भन्दा व्यवसायी एक भएर केही गर्न सके मात्र नयां नेपाल निर्माण हुनेमा जोड दिनु हुंदै वर्तमान सरकार उद्योगी व्यवसायीको सुरक्षामा मुकदर्शक बनेकोमा चिन्ता व्यक्त गर्नु भयो ।

अध्यक्ष जोशीले ठूला राजनीतिक दलहरु राजनीतिक खिचातानीमा मात्र लागेको हुंदा उद्योग व्यवसाय लगायत आर्थिक क्षेत्रका समस्या बढेर गएको गुनासो गर्नु भयो ।

स्याङजा जिल्ला उद्योग वाणिज्य संघ गल्याङ इकाई कार्यालयको हालै स्याङजामा उद्घाटन गर्दै सो कुरा बताउनु भएको हो । साथै अध्यक्ष जोशीले सरकारले संचालन गर्ने हरेक विकास निर्माणका कार्यहरु निजी क्षेत्रको सहभागिता विना असंभव र असफल हुने बताउनु भयो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्नु हुँदै महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले उद्योग व्यवसाय बन्द

गर्दा राजनीतिक दलहरुले होडवाजी गर्नुका साथै आफुलाई ठूलो सोच्ने प्रवृत्तिको अन्त्य नभएसम्म समुन्नत नेपालको परिकल्पना गर्न नसकिने बताउनु भयो ।

महासंघको आपूर्ति समितिका सभापति चन्द्रकृष्ण कर्माचार्य, स्याङजा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष दिपक लम्साल, एकीकृत नेकपा माओवादीका हरिप्रसाद भट्टराई, नेपाली कांग्रेसका देवि प्रसाद भट्टराई एवं नेकपा एमालेका मुक्ति पाठकले देशमा बढ्दै गएको दण्डहिनताले आम नागरिक असुरक्षित बन्दै गएकोमा चिन्ता व्यक्त गर्नु भयो ।

वालिङ उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद अर्याल, गल्याङ बजार व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद बस्न्यात एवं लालगोपाल अर्याल लगायतका वक्ताले उक्त इकाईको गठनबाट स्थानीय स्तरमा देखिएका औद्योगिक व्यवसायिक समस्याको समाधान गर्न सहज हुने विश्वास उक्त अवसरमा व्यक्त गर्नु भयो ।

सो कार्यक्रम उद्योग वाणिज्य संघ गल्याङ बजार इकाई समितिका अध्यक्ष सूर्य प्रसाद चापागाईको सभापतित्वमा भएको थियो ।

## राजनीतिक अन्यौलता सहित उद्योग व्यवसाय गर्ने वातावरण बनाउन माग

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकालको प्रमुख आतिथ्यतामा दमक उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको पदस्थापन तथा सपथ ग्रहण कार्यक्रम हालै दमक झापामा सम्पन्न भयो ।

सो कार्यक्रमलाई सम्वोधन गर्नुहुदै प्रमुख अतिथि ढकालले उद्योग व्यवसाय निर्धक्क संचालन गर्ने वातावरण बनाउन आग्रह गर्नुभयो। कार्यक्रमका अतिथि एवं महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले तीव्र आर्थिक विकासका लागि शान्ति सुरक्षाको भरपर्दो व्यवस्था, दण्डहिनताको अन्त्य सहित बन्द हड्ताल जस्ता विकृत संस्कृतिको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

संघका नवनिर्वाचित अध्यक्ष प्रकाश प्रसाईले बन्द हड्ताल जस्ता गतिविधिहरुबाट उद्योग व्यवसाय क्षेत्रले ठूलो मूल्य चुकाउनु परेकाले विरोधका यस्तो शैलीबाट दमक क्षेत्रलाई मुक्त राख्न सक्दो प्रयास गर्ने प्रतिवद्धता जनाउनु भयो ।

कार्यक्रममा मेची उद्योग वाणिज्य संघका अध्यक्ष केशवराज पाण्डे, संघका संस्थापक अध्यक्ष पर्शुराम पाठक, पूर्व अध्यक्ष गोविन्द बहादुर बस्नेत, कानूनी सल्लाहकार जयबहादुर श्रेष्ठ, कार्यकारिणी सदस्य रामचन्द्र वराल, राजनीतिक दलका स्थानीय प्रतिनिधि, स्थानीय सरकारी कार्यालयका पदाधिकारीहरु लगायतले शुभ-कामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## महासंघमा व्यवसायिक प्रतिनिधिमण्डल

### बुटवल उवासंघ-कृषिजन्य उद्योगमा जोड

बुटवललाई कृषिजन्य उद्योग व्यवसाय केन्द्रका रुपमा विकास गर्न विशेष कार्यक्रम ल्याउनु पर्ने माग बुटवलका उद्यमी व्यवसायीहरुले गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीसंग असार १२ गते महासंघमा भएको भेटघाट एवं छलफलमा उद्योग वाणिज्य संघ–बुटवलका अध्यक्ष शंकर श्रेष्ठको नेतृत्वमा विभिन्न जिल्लाका उवासंघहरुको अध्ययन अवलोकन भ्रमणका क्रममा महासंघमा आएको सो संघका पदाधिकारी एवं सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलका सहभागीहरुले उक्त कुरामा जोड दिएका हुन् ।

फलफूल, तरकारी लगायत विभिन्न प्रकारका कृषि तथा नगदे वाली, पुष्प व्यवसाय, पशु पंक्षी पालन एवं दुग्ध उत्पादनका लागि रुपन्देही–बुटवल ठूलो सम्भाव्यता र उपयुक्त रहेकोले यसको विकासका लागि विशेष नीति एवं कार्यक्रम ल्याउनु पर्ने, बाख्रा पालन तथा धुप उत्पादनलाई त्यस क्षेत्रमा "एक गाउं एक उत्पादन"को रुपमा विकास गर्न सकिने, पुष्प उत्पादनका लागि नमूनाको रुपमा औद्योगिक क्षेत्र स्थापना गर्नु पर्ने लगायतको सुझाव व्यवसायीहरुले दिएका थिए ।

महासंघको घरेलु तथा साना उद्योग समितिका सभापति डि.बी. बस्नेत, महासंघका महानिर्देशक मेघनाथ न्यौपाने एवं वरिष्ठ परामर्शदाता गोविन्ददेव पाण्डे तथा कृषि उद्यम केन्द्रका कार्यकारी निर्देशक डा. देवभक्त शाक्यले महासंघबाट व्यवसाय विकासमा भएका प्रयास वारे प्रकाश पार्नु भएको थियो ।

## कैलाली उवासंघ–सुदूरपश्चिममा विकासको प्रतिवद्धता

सुदूरपश्चिमाञ्चलबाट अभाव तथा पछौटेपनको अन्त्यगरि समृद्ध र समुन्नत क्षेत्रको रुपमा विकास गर्न उद्योग वाणिज्य संघहरुले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने र सो कार्यमा कैलाली उद्योग वाणिज्य संघ विशेष कार्यक्रम सहित अघि बढ्ने तयारीमा रहेको छ। प्राकृतिक श्रोत तथा साधनबाट सम्पन्न रहँदारहदै पनि सिंगो सुदर पश्चिमाञ्चल क्षेत्र विकासको गतिमा अन्य क्षेत्रको तुलनामा पछाडी पर्नुमा यस क्षेत्रको विकासका लागि विशेष नीति तथा कार्यक्रमको अभावनै प्रमुख रहेको ठम्याई संघको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकार, महासंघका विभिन्न समितिका सभापतिहरु र कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष दिनेशराज भण्डारीको नेतृत्वमा विभिन्न जिल्लास्थित उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकन भ्रमणका क्रममा महासंघको सचिवालयमा आएको संघका पदाधिकारी एवं सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डल बीच त्यसक्षेत्रको समग्र वस्तुस्थितिका विषयमा हालै भएको अन्तरक्रिया कार्यक्रममा सुदूरपश्चिमाञ्चलको विकासका लागि विशेष कार्यक्रम सहित अगाडी बढ्ने योजना संघको रहेको अध्यक्ष भण्डारीले जानकारी गराउनु भयो ।

सो अवसरमा महासंघका समिति सभापतिहरु एजी शेर्पा, भवानी राणा, डीवी वस्नेत र लोकविक्रम थापा, महासंघको बैंक, विमा तथा वित्तिय समितिका सभापति पशुपति मुरारकाको समेत सहभागिता र हेको सो कार्यक्रममा महानिर्देशक मेघनाथ न्यौपाने र कृषि उद्यम केन्द्रका कार्यकारि निर्देशक डा. देवभक्त शाक्यले महासंघ र कृषि उद्यम केन्द्रका वारेमा आआफनो तर्फबाट प्रतिनिधिमण्डललाई जानकारी गराउनु भएको थियो ।

# टीकापुर उवासंघ–सीएसआरलाई प्रभावकारी बनाउने

संघहरुलाई सक्षम बनाउन संघ मार्फत रोजगारी तथा विकास निर्माण र उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम संचालन गराई निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य संघहरुको समाज प्रतिको संस्थागत सामाजिक दायित्व (सीएसआर)लाई प्रभावकारी बनाउदै लैजानु पर्नेमा उद्योगी व्यवसायीहरुले जोड दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघद्वारा महासंघको सचिवालयमा आयोजित संस्थागत विकास र सचिवालय व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठिमा सहभागि एवं टीकापुर नगर उद्योग वाणिज्य संघका अध्यक्ष नवराज रावलको नेतृत्वमा जिटिजेड/सेक्वा/पिएसपीको समन्वयमा विभिन्न जिल्लाका उवासंघहरुको भ्रमणको क्रममा महासंघमा आएको सो संघका अन्य पदाधिकारी, सल्लाहकार एवं सदस्यहरु सम्मिलित प्रतिनिधिमण्डलले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा महासंघका कार्यवाहक वरिष्ठ उपाध्यक्ष सुरज वैद्यले देशमा राजनीतिक अस्थिरता, अशान्ति र असुरक्षा, बन्द, हड्ताल तथा चक्काजाम जस्ता प्रतिकूल औद्योगिक व्यवसायिक गतिविधि बढ्दै गई विकासको गतिमा समेत अवरोध सृजना हुदै गएकाले निजी क्षेत्रका सम्पूर्ण समस्यालाई समेटेर लैजान महासंघले सदस्यहरुको स्पष्ट सुझावको अपेक्षा गरेको बताउनु भयो ।

कार्यक्रममा महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकार र प्रदीपजंग पाण्डेले बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधि नहुने क्षेत्रमा मात्र लगानी आकर्षित हुने हुदा उद्योग व्यवसाय प्रतिकूल गतिविधिको अन्त गर्नुपर्नेमा जोड दिनु भयो ।

महासंघको महिला उद्यमी विकास समितिका सभापति भवानी राणा, घरेलु तथा साना उद्योग समितिका सभापति डि.वी. वस्नेत र सामाजिक सेवा समितिका सभापति लोक विक्रम थापा लगायतले पनि आफनो धारणा राख्नु भएको थियो । महासंघको लुम्बिनी विकास फोरमका संयोजक गुणनीधि तिवारी समेतको उपस्थिति रहेको सो कार्यक्रममा महासंघका महानिर्देशक मेघनाथ न्यौपाने र वरिष्ठ परामर्शदाता गोविन्द देव पाण्डेले उक्त विषयमा आ आफ्नो प्रस्तुतीकरण गर्नु भएको थियो ।

# रामेछाप र तेह्रथुम उवासंघप्रमण्डल-अनुभवलाई व्यवहारमा उतार्छौं

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले जिल्ला उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकन गर्न निस्केको टोलीलाई अवलोकन भ्रमणबाट हासिल गरेको अनुभवलाई तत्काल आफ्नो संघमा कार्यान्यवन गर्न आग्रह गर्नु भएको छ ।

महासंघले अहिले जतिपनि कार्यक्रमहरु जिल्लामा पठाएको छ, ती कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि पनि संघहरु वलियो र सक्षम हुनैपर्छ, यसमा तपाईहरुको सक्रियता र मेहनतको जरुरी छ–अध्यक्ष जोशीले भन्नु भयो ।

महासंघले उपलव्ध गराएका कार्यक्रमहरुलाई सफलतापूर्वक सम्पन्न गर्दा स्थानीय तहमा शीप विकास, उद्यमशीलता एवं रोजगारी सृजना हुने र यसबाट समग्रमा संघको दीगो आय श्रोतको व्यवस्था सहित क्षमता विकासमा समेत सहयोग पुग्ने हुँदा महासंघ मार्फत जिल्लामा गएका एक गाउं एक उत्पादन कार्यक्रम, इलम प्रशिक्षण कार्यक्रम, ग्रामिण उर्जा विकास कार्यक्रम, व्यापार मेलाको आयोजना जस्ता कार्यक्रमलाई सफल रुपमा अघि बढाउन अध्यक्ष जोशीले आग्रह गर्नुभयो ।

स्वरोजगार कार्यक्रम सम्बन्धमा अध्यक्ष जोशीले भन्नुभयो–हाम्रो दायित्व भनेको प्राप्त निवेदनलाई छनौट गरि अभिमुखीकरण तालीम दिने र उद्यमशिलताका लागि सक्षम बनाउनेसम्म मात्र हो, तर ऋण दिने होइन ।

महासंघका उपाध्यक्षद्वय कृष्णप्रसाद ताम्राकार र भाष्करराज राजकर्णिकारले राष्ट्रव्यापी रुपमा निजी क्षेत्रको आवश्यकता र अस्तित्वलाई वोध गराउनुनै सबभन्दा ठूलो चुनौती रहेकाले आगामी नयाँ संविधानमा निजी क्षेत्रले उठाएका आर्थिक स्वतन्त्रताका विषयलाई स्थापित गर्न सबै उद्यमी व्यवसायीहरुले आ-आफनो स्थानबाट दवाव दिनु पर्ने धारणा राख्नु भयो ।

कार्यक्रममा रामेछाप उवासंघका अध्यक्ष पशुपति खड्का र तेह्रथुम उवासंघका अध्यक्ष शभा पौडेलले संघहरुले प्राप्त गरेको सफलताको अध्ययन गरि सोही सफलतालाई आफनो संस्थामा कार्यान्वयन गर्ने दृढता प्रकट गर्नुभयो ।

कार्यक्रममा महासंघका उपाध्यक्ष प्रदीपजंग पाण्डे, कार्यकारिणी समितिका सदस्यहरु आजाद श्रेष्ठ, लोक विक्रम थापा, महासंघका महानिर्देशक मेघनाथ न्यौपानेको पनि उपस्थिति रहेको सो कार्यक्रममा महासंघको घरेलु तथा साना उद्योग समितिका सभापति डीवी वस्नेतले अध्ययन भ्रमणबाट सिकेका कुराहरुलाई सक्रियतापूर्वक कार्यान्वयन गर्न सुझाव दिदै भ्रमणबाट "हाम्रो संघ हामीलेनै बनाउने हो भन्ने" अनुभव गर्न आग्रह गर्नु भयो ।

# आर्थिक कुटनीति

## टर्की भ्रमण नेपालका लागि उपलब्धीमूलक

टर्की सरकारको प्रधानमन्त्रीको कार्यालय तथा टर्की उद्योग वाणिज्य महासंघ (Turkish Confederation of Businessmen and Industrialists (TUSKON) द्वारा टर्कीको इस्तानबुल (Turkey, Istanbul) मा गत जेठ १८ देखि २४ (June 1-7, 2009) सम्म आयोजित Turkey-World Trade Bridge 2009 विषयक अन्तर्राष्ट्रिय सम्मेलन नेपाली निजी क्षेत्रको सहभागिताबाट नेपाललाई भौगालिक, आर्थिक व्यवसायिक, पर्यटकीय हिसावले विश्व समक्ष चिनाउन ठूलो सहयोग मिलेको छ ।

खासगरि नेपालको पर्यटन, नेपालको विद्यमान वस्तुस्थिति र नेपालले विदेशी लगानी आकर्षणका लागि गरेका प्रयास, विद्यमान लगानी सम्बन्धी नीति तथा कानून एवं विद्यमान अन्तराष्ट्रिय बजार सम्भाव्यताका विषयमा नेपाली व्यवसायिक प्रतिनिधिमण्डले प्रचार तथा लविङमा ठूलो भूमिका खेलेको थियो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा रहेको नेपाली प्रतिनिधिमण्डल तथा टर्की उद्योग वाणिज्य महासंघ (TUSKON) को प्रतिनिधिमण्डल बीच सम्मेलनका दौरानमा नेपालमा लगानीका विषयमा भएको छलफलमा नेपालमा शान्ति सुरक्षाको अवस्था मजवुत भएमा करिव ५ सय मिलियन अमेरिकी डलर वरावरको लगानी ल्याउन सकिने प्रतिवद्धता टर्कीबाट प्राप्त भएको थियो । नेपालमा उत्पादित विजुलीको यसका छिमेकी देशहरु खासगरि भारतमा समेत

राम्रो निर्यातको सम्भावना रहेकोहुदा यस क्षेत्रमा लगानीका लागि नेपाली प्रतिनिधिमण्डलले प्रस्ताव राखेपछि नेपालमा जलविद्युत नागरिक उड्डयन आदि क्षेत्रमा टर्कीको लगानी आउन सक्ने सकारात्मक संकेत प्राप्त भएको छ ।

नेपाल–टर्की उद्योग वाणिज्य संघ (Nepal-Turkey Chamber of Commerce & Industry) को समन्वयमा टर्की गएको उक्त प्रतिनिधिमण्डलका अन्य सदस्यहरुमा महासंघको पूर्व कार्यकारिणी समिति सदस्य एवं नेपाल–टर्की उवासंघका अध्यक्ष अखिलकुमार चापागाई, महासंघको कार्यकारिणी समितिका सदस्य सकुन्तलाल हिराचन, पूर्व कार्यकारिणी समिति सदस्य उद्धव पौडेल, व्यवसायीहरु विजयसिंह वैद, गौतमकुमार श्रेष्ठ, पवनकुमार अग्रवाल, र आनन्दकुमार वैद हुनुहुन्थ्यो ।

# –अष्ट्रेलियामा नेपाल प्रवर्द्धन कार्यक्रम सम्पन्न–

## आर्थिक कुटनीतिका माध्यमबाट आर्थिक व्यापारिक सम्बन्ध विस्तारमा जोड

अष्ट्रेलियास्थित नेपाली राजदुतावासले क्यानवेरामा आयोजना गरेको नेपाल सम्बन्धी प्रर्वद्धनात्मक कार्यक्रममा आर्थिक कुटनीतिका माध्यमबाट दुई देश बीचको आर्थिक व्यापारिक सम्बन्ध विस्तार गर्नु पर्ने जोड दिइएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा अष्ट्रेलिया भ्रमणमा रहेको महासंघको प्रतिनिधिमण्डललाई लक्षित गरि आयोजना गरिएको नेपाल व्यवसाय तथा विकास मंच ( Nepal Business and Development Forum) सम्बन्धी कार्यक्रममा उक्त कुरामा जोड दिइएको हो ।

अष्ट्रेलियास्थित नेपाली राजदुतावास तथा नेपाली महावाणिज्यदुतको कार्यालयद्वारा संयुक्त रुपमा साउन १२ गते आयोजित सो कार्यक्रममा आर्थिक कुटनीतिका माध्यमबाट प्राथमिकताहरु तय गरि व्यापार, पर्यटन, शिक्षा, व्यवसायिक कानून लगायतका अन्य थुप्रै क्षेत्रहरुमा सहयोग विस्तार गर्न सकिने सम्भावना औंल्याइएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य दिनुहुदै अष्ट्रेलियाका लागि नेपाली राजदुत योगेन्द्र ढकालले लगानीका सम्भाव्य क्षेत्रहरुको पहिचान, नेपालमा अष्ट्रेलियाको लगानी, प्रविधि आकर्षण गर्न तथा व्यापार विस्तारका लागि प्रस्तुत कार्यक्रमबाट आउने निचोडहरु निकै उलब्धीमुलक हुने विश्वास प्रकट गर्नुभयो। राजदुत ढकालले नेपाल–अष्ट्रेलिया दौत्य सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सवको आगामी कार्यक्रमलाई भव्य रुपमा मनाउने सन्दर्भ तथा नेपालमा द्वन्दपश्चात आवश्यक विकास प्रयासहरुमा समेत सघाउ पुऱ्याउन प्रस्तुत कार्यक्रम निकै महत्वपूर्ण हुने विश्वास प्रकट गर्नुभयो ।

दुवै देशका निजी तथा सरकारी क्षेत्रका पदाधिकारी एवं प्रतिनिधिहरु, नेपालका लागि अष्ट्रेलियामा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु र अष्ट्रेलियामा रहेका गैर आवासीय नेपालीहरुको सहभागितामा आयोजित सो कार्यक्रममा नेपालको आर्थिक-सामाजिक विकासका विभिन्न आयामहरु माथि छलफल भएको थियो । कार्यक्रममा नेपालमा व्यापार तथा लगानीका अवसरहरु, पर्यटन, शिक्षा तथा शीप विकास, सामाजिक सहभागिता जस्ता मुद्धाहरुमा जोड दिइएको थियो ।

सो कार्यक्रमलाई सम्वोधन गर्ने क्रममा महासंघका अध्यक्ष जोशीले विश्वका उदियमान अर्थतन्त्रतर्फ अघि बढीरहेका भारत तथा चीनको बीचमा अवस्थित नेपालमा उत्पादित वस्तुहरु विना अवरोध ती देशहरुमा निर्यात गर्न सक्ने सुविधा रहेकोले नेपाल विदेशी लगानीका लागि प्रमुख आकर्षणको केन्द्र रहेको स्पष्ट पार्नु भयो । अध्यक्ष जोशीले अष्ट्रेलियाली लगानीकर्ताहरुलाई नेपालमा लगानीका लागि आव्हान गर्नुहुँदै आफनो मुलुकमा आएको विदेशी लगानीको पूर्ण सुरक्षाको लागि नेपाली निजी क्षेत्रको तर्फबाट प्रतिवद्धता समेत जनाउनु भयो ।

कार्यक्रममा प्रतिनिधिमण्डलका सदस्य एवं महासंघका उपाध्यक्ष प्रदिपजंग पाण्डे र नेपाल चेम्वर अफ कमर्सका प्रथम उपाध्यक्ष सुरेश कुमार वस्नेत नेपाल सरकार परराष्ट्र मन्त्रालयका सहसचिव मोहन कृष्ण श्रेष्ठले नेपालमा लगानीका लागि आग्रह गर्नु भएको थियो ।

कार्यक्रममा गैर आवासीय नेपाली तथा नेपाली समुदायका तर्फबाट डा. कृष्ण हमाल, गोवा कटुवाल, सुश्री रन्जु थापा, श्री नापित र कृष्ण श्रेष्ठ, अष्ट्रेलियाको तर्फबाट अष्ट्रेड, क्वीन्सल्याण्ड वाणिज्य संघ, ल एशिया, अष्ट्रेलियन काउन्सिल फर प्राइभेट एजुकेशन एण्ड ट्रेनिङ, जेम्स कुक विश्वविद्यालय, वर्ल्ड एक्सिपिडिशन, अष्ट्रेलियन कार्बिकल क्यान्सर फाउण्डेशन र नेपाल–अष्ट्रेलिया फ्रेण्डसिप एशोसिएशनका प्रतिनिधिहरुले नेपालको आर्थिक विकासमा अष्ट्रेलियाको सहयोग, नेपालमा लगानीका सम्भाव्य क्षेत्रहरु तथा निजी क्षेत्रको भूमिका माथि आ-आफनो धारणा राख्नु भएको थियो ।

करिव १ सय जनाको उपस्थिति रहेको सो कार्यक्रममा नेपाली सहभागीहरुले नेपालमा लगानी तथा व्यवसायका अवसरहरु, शिक्षा, पर्यटन क्षेत्रमा लगानीका पर्याप्त सम्भावनाहरु, विद्यमान संवैधानिक एवं कानूनी प्रावधानहरु, प्रधानमन्त्रीको अध्यक्षतामा लगानी वोर्डको गठनबाट नेपालमा लगानीमैत्री वातावरण बन्दै गएको बताउदै शान्ति सुरक्षाको भरपर्दो व्यवस्था, श्रम सम्बन्धी विषयहरुको उचित सम्वोधन तथा बन्द, हड्ताल चक्काजाम जस्ता विकासका अवरोधहरुलाई तत्काल अन्त गर्ने तर्फ आवश्यक उपायहरु अवलम्वन गर्न नेपाल सरकारलाई सुझाव दिएका थिए ।

तत्पश्चात अष्ट्रेलियाको क्वीन्सल्याण्डस्थित साउथ बैंकमा स्थापना गरिएको नेपाली शान्ति प्यागोडाको अनावरण कार्यक्रम सम्पन्न भयो । सो प्यागोडाको सहयोगमा महासंघको प्रतिनिधिमण्डलले भाग लिएको थियो ।

अष्ट्रेलिया भ्रमणका क्रममा महासंघको प्रतिनिधिमण्डल अष्ट्रेलियन सरकारको Department of State and Regional Developmnet centre का पदाधिकारीहरुसूग भेटगरि नेपालमा लगानीका सम्भाव्यता विषयमा छलफल गरेको थियो ।

## एफएनसीसीआई र एसीसीआई बीच सहमतीपत्रमा हस्ताक्षर

नेपाल र अष्ट्रेलिया बीच आर्थिक, व्यापारिक सम्बन्धलाई आउँदा दिनमा अझ प्रगाढ पार्न संयुक्त सहकार्य गर्ने उद्देश्यका साथ दुवै देशका निजी क्षेत्र बीच एक सहयोग सम्बन्धी सहमतीपत्र (Cooperation Agreement) मा हस्ताक्षर भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डल अष्ट्रेलिया भ्रमणमा रहेको अवसरमा महासंघ र अष्ट्रेलियन उद्योग वाणिज्य संघ (The Australian Chamber of Commerce & Industry) बीच गत साउन १५ गते अष्ट्रेलियाको ब्रिसवनमा आयोजित एक कार्यक्रम समारोहमा सो सम्झौता भएको हो ।

सहमतीपत्रमा द्विपक्षीय व्यापार, संयुक्त लगानी विस्तार तथा प्रवर्द्धन, आर्थिक, वैज्ञानिक, प्रविधि आदान प्रदान लगायत दुवै संस्थाले आवश्यक देखेका अन्य क्षेत्रमा सहकार्य गरि अगाडि बढ्ने उल्लेख छ ।

# नेपाल चिली आर्थिक सम्बन्धमा जोड

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी सहित महासंघको पदाधिकारी र नेपालका लागि नयाू दिल्लीस्थित चिलीका राजदुत अलफोनसो सिल्भा नाभारो (Alfonso Silva Navarro, Ambassador of Chile) बीच साउन २६ गते महासंघ सचिवालयमा भएको भेटघाट एवं छलफल कार्यक्रममा आपसी आर्थिक सम्बन्ध विस्तार का विषयमा विस्तृत छलफल भयो ।

महासंघका उपाध्यक्ष प्रदिपजंग पाण्डे, नेपालका लागि चिलीका अवैतनिक वाणिज्यदुत वसन्तराज मिश्र, महासंघको कर्पोरेट सोसियल रेस्पोन्सिविलिटी फोरमका संयोजक उमेश लाल श्रेष्ठ र महानिर्देशक मेघनाथ न्यौपानेको सहभागिता रहेको सो अवसरमा द्विपक्षिय व्यापार अभिवृद्धि, लगानी प्रवर्द्धन, व्यवसायिक प्रतिनिधिमण्डलको भ्रमण तथा व्यवसायिक सूचनाको आदान प्रदान एवं व्यापार मेलाको आयोजनामा जोड दिइएको थियो । दुई देश बीच अत्यन्त न्यून रहेको आयात निर्यात व्यापारलाई आगामी दिनमा वढोत्तरी गर्नुपर्ने, आयात निर्यातका सम्भाव्य वस्तुहरुको पहिचान गर्नु पर्ने तथा आर्थिक व्यवसायिक सम्बन्ध विस्तारमा दुवै देशका निजी क्षेत्रबाट सक्रिय पहल हुनु पर्नेमा जोड दिइएको थियो ।

*नेपाल–चीन गैर सरकारी सहयोग मंचको वैठक*

# लगानीको वातावरण बनाउन चिनियाँ उद्यमीहरूको सुझाव




जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तको छिङदु शहर (Chengdu, Sichuan Province, People's Republic of China) मा यही श्रावण १३ गते सम्पन्न नेपाल चीन गैर सरकारी सहयोग मंच (Nepal-China Non Governmental Cooperation Forum) को १० औं बैठक दुवै पक्षका लागि निकै महत्वपूर्ण एवं उपलव्धी मुलक भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ र अखिल चीन उद्योग वाणिज्य महासंघको पहलमा दुई देश बीच आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार, प्रविधि एवं लगानी प्रवर्द्धनका लागि निजी क्षेत्रबाट सहकार्य गर्ने उद्देश्यले सन् १९६९ मा स्थापना गरिएको मंचको यस पटकको बैठकमा दुवै पक्षबाट एक अर्का देशमा विद्यमान लगानी सम्बन्धी नीति तथा कानून, प्रक्रियागत व्यवस्था, व्यवहारिक कठिनाई, लगानी तथा व्यवसायिक विस्तारका सम्भाव्यता विषयमा निकै खुलेर प्रस्तुती भएको थियो ।

बैठकमा दुवै देशका निजी क्षेत्रबाट एक अर्का देशमा व्यापार व्यवसाय, लगानी गर्दाको सहजता, नीतिगत एवं प्रक्रियागत समस्या, कठिनाई तथा दुवै देशका सरकारले गर्नुपर्ने सुधारका विषयमा प्रष्टसूग धारणा राख्दै सरकार तथा निजी क्षेत्रका प्रतिनिधिमुलक संस्था एवं मंचका जन्मदाता नेपाल उद्योग वाणिज्य महासंघ र ACFIC को भूमिका एवं उत्तरदायित्वका विषयमा पनि सुझाव दिएका थिए ।

"नेपालमा जलविद्युत तथा कृषि क्षेत्रमा लगानी" यस वर्षको मुख्य एजेण्डा रहेको दसौ बैठकमा नेपालका तर्फबाट महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले नेपालमा व्यापार तथा लगानीका अवसरहरु विषयमा विस्तृत कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरि महासंघको उर्जा विकास फोरमका संयोजक ज्ञानेन्द्रलाल प्रधानले नेपालमा जलविद्युत विकासको सम्भाव्यता र महासंघका वरिष्ठ अधिकृत अरुण श्रेष्ठले नेपालमा कृषि तथा वनमा आधारित उद्योगका सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपालको तर्फबाट प्रस्तुत कार्यपत्रका सम्बन्धमा चिनियाँ पक्षले निकै महत्वका साथ लिई यी क्षेत्रहरुमा चिनियाँ लगानी आकर्षित गर्नका लागि आ–आफनो सुझावहरु दिएका थिए ।

बैठकमा चिनियाँ पक्षबाट नेपालमा शान्ति सुरक्षाको भरपर्दो व्यवस्था, पर्याप्त उर्जा व्यवस्था, सरल र झन्झट रहित प्रक्रियागत व्यवस्था, नीति कानूनमा स्थायित्व, बन्द हड्ताल चक्काजाम जस्ता कार्यक्रमहरुको अन्त्य गर्नु पर्ने सुझावहरु दिएका थिए । चिनीयाँ लगानीकर्ताहरुले उठाएका विषयहरुलाई नेपाल सरकारले उचित सम्वोधन गरेको खण्डमा नेपालमा ठूलो मात्रामा चिनीयाँ लगानी एवं प्रविधि भित्रिन सक्ने विश्वास निजी क्षेत्रले गरेको छ । साथै यस पटकको बैठकमा नेपाली पक्षबाट नेपालमा विदेशी लगानीका लागि प्राथमिकताका प्राप्त क्षेत्रहरुका विषयमा चिनियाँ पक्षलाई विश्वस्त पार्न सफलता प्राप्त भएको छ । बैठकमा महासंघका तर्फबाट नेपालमा विदेशी लगानीका लागि (१) जलस्रोत, (२). जडीवूटी उद्योग (३). व्यवसायिक कृषि र (४). पूर्वाधार विकास प्रमुख र प्राथमिकता प्राप्त क्षेत्रहरु रहेको निर्क्यौल निकाल्दै यसमा चीनबाट लगानीका लागि आग्रह समेत गऱ्यो । बैठकमा महासंघका तर्फबाट विदेशी लगानीका विषयमा नेपाल सरकारको विद्यमान नीतिगत व्यवस्था, आर्थिक विकासका लागि नेपाल सरकारको नीति तथा कार्यक्रम, विदेशी लगानीको संरक्षण एवं लगानी आकर्षणका लागि नेपाली निजी क्षेत्रको प्रतिवद्धता समेत प्रष्ट रुपमा राखिएको थियो ।

यस पटकको बैठकमा अन्तराष्ट्रिय एवं क्षेत्रिय तहमा देखिएको आर्थिक तथा व्यवसायिक अवसरलाई मनन गरि सोही अनुरुप गतिविधिहरुलाई निर्देशित गर्नुपर्ने सन्दर्भमा मंचको विद्यमान संरचना र यसमा उल्लेख गरिएका विषयहरुलाई समेत समय सापेक्ष सुधार गर्नु पर्नेमा प्रतिवद्धता जनाइएको छ । दुवै देश बीच आर्थिक तथा व्यवसायिक सम्बन्ध विस्तारका लागि विभिन्न आर्थिक व्यवसायिक गतिविधिहरु मार्फत तिव्रता दिने यसक्रममा व्यवसायिक प्रतिनिधिमण्डलको आदान प्रदान, नेपाली

व्यवसायीहरुका लागि आवश्यक तालीम तथा एकअर्का देशमा व्यवसाय संचालनका क्रममा आवश्यक सहयोग आदान प्रदान गर्ने सहमती भएको छ ।

बैठकमा नेपालको तर्फबाट महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकाल र चीनको तर्फबाट अखिल चीन उवामहासंघका उपाध्यक्ष Xie Jingrong ले नेतृत्व गर्नु भई बैठकको अन्त्यमा उहाँहरुबाट सहमतीपत्र (Memorandum) मा हस्ताक्षर भएको थियो ।

सिचुवान प्रान्तको चिनीयाँ कम्युनिष्ट पार्टी कमिटिका vice Secretary General Li Chongxi तथा अन्य वरिष्ठ सरकारी पदाधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकमा त्यहाँको परराष्ट्र मन्त्रालयको एशिया मामला विभागका द्वितिय सचिव Jiang Wei र सिचुवान प्रान्तका वाणिज्य विभागका उपनिर्देशक Liu Xin ले पनि सम्वोधन गर्नुभएको यस पटकको बैठकमा जलविद्युत, कृषि, जडीबूटी, विद्युत तथा विद्युतीय क्षेत्रसँग सम्बन्धित करिव १ सय ५० भन्दा बढी चिनियाँ उद्यमी व्यवसायीहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । बैठकसँगै दुवै देशका व्यवसायी बीच क्षेत्रगत जस्तै कृषि, जडिबूटी, जलविद्युत, विद्युत तथा विद्युतीय उत्पादन आदि विषयमा One-to-one Meeting सम्पन्न भयो । त्यसबाट नेपाली व्यवसायीहरुको चिनीयाँ समकक्षीसँग व्यवसायिक सम्पर्क विस्तार गर्न सफलता समेत प्राप्त भएको छ ।

भ्रमणका उपलब्धी सम्बन्धमा साउन २० गते महासंघमा पत्रकार सम्मेलनको आयोजना गरि जानकारी गराइएको थियो ।

# थाइलैण्डको ओभीओपी अध्ययन

नेपाल उद्योग वाणिज्य महासंघको पहलमा एशियन मुलुक थाइलैण्डमा निकै सफलता पाएको एक गाउं एक उत्पादन कार्यक्रम(ओभीओपी)को अध्ययन गर्न ३४ सदस्यीय महासंघको व्यवसायिक प्रतिनिधिमण्डल त्यहाँको भ्रमण सम्पन्न गरि स्वदेश फर्किएको छ । महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारको नेतृत्वमा गएको सदस्य संघहरुका पदाधिकारी एवं सदस्यहरु सम्मिलित उक्त भ्रमण एक गाउँ एक उत्पादनमा थाइलैण्डको अनुभव तथा ज्ञानका आधारमा एक गाउँ एक उत्पादन कार्यक्रम संचालन भएका जिल्लाहरुमा कार्यक्रमको प्रभावकारी संचालन तथा थप जिल्लाहरुमा कार्यक्रम विस्तार गर्ने रहेको थियो ।

थाइलैण्ड प्रस्थान गर्नु अघि साउन २५ गते महासंघ सचिवालयमा आयोजित विदाई समारोहलाई सम्वोधन गर्नुहुँदै महासंघका अध्यक्ष कुशकुमार जोशीले अध्ययन भ्रमणलाई गहन रुपमा लिई त्यहाँ सिकेका कुरालाई दस्तावेजको रुपमा विकास गर्न समेत प्रतिनिधिमण्डललाई सुझाव दिनु भएको थियो ।



(थाइलैण्ड भ्रमणमा निस्कनु अघि महासंघका अध्यक्ष जोशीको साथमा प्रतिनिधिमण्डल)

विदाई कार्यक्रममा महासंघका उपाध्यक्ष एवं टोली नेता भाष्करराज राजकर्णिकार, उपाध्यक्ष प्रदीपजंग पाण्डे र घरेलु तथा साना उद्योग समितिका सभापति डीवी वस्नेतले एक गाउँ एक उत्पादनका विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

भ्रमणका क्रममा महासंघको प्रतिनिधिमण्डलले एक गाउं एक उत्पादन कार्यक्रम सम्बन्धमा त्यहाँ आयोजित एक अन्तरक्रियात्मक कार्यक्रममा सहभागी भएको थियो । थाई सरकारको उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय, परराष्ट्र मन्त्रालय र सम्बन्धित विभागका वरिष्ठ अधिकारीहरुको सहभागितामा आयोजना भएको सो कार्यक्रममा एक गाउं एक उत्पादनका विषयमा थाइलैण्डको हालसम्मको अनुभव तथा नेपालमा यस कार्यक्रमका सम्बन्धमा हालसम्म भएका गतिविधिका विषयमा विस्तृत अन्तरक्रिया आयोजना र सो अवसरमा महासंघका उपाध्यक्ष राजकर्णिकारले नेपालका तर्फबाट प्रस्तुत विषयमा कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो ।

भ्रमण पश्चात प्रतिनिधिमण्डलका नेता एवं उपाध्यक्ष राजकर्णिकारले भ्रमण अत्यन्त फलदायी भएको र प्रस्तुत विषयमा थाइलैण्डले हासिल गरेको अनुभव, उनीहरुको कार्यशैली, वजार विस्तार, वस्तु उत्पादन विविधिकरण, गुणस्तर समेतलाई नेपालको सन्दर्भमा लागू गर्न सहयोग पुग्ने वताउनु भयो ।

सन् १९७९ मा जापानमा आइता प्रान्तबाट शुरु भएको यो कार्यक्रम नेपल भने निजी क्षेत्रको लामो प्रयासपछि नेपाल सरकारबाट आर्थिक वर्ष २०६३/०६४ साउनदेखि सरकारी अवधारणामा यस कार्यक्रमलाई समावेश गरि नेपाल सरकार र महासंघको सहकार्यमा एक गाउं एक उत्पादन कार्यक्रम लागू गरिएको हो ।

# अध्यक्ष जोशीद्वारा नेपाली यूवा उद्यमी मञ्चको साधारण सभा उद्घाटन

*नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले नेपाली उत्पादनको वजार प्रवर्द्धनका लागि विशेष अभियान आवश्यक भएको बताउनु भएको छ । महासंघद्वारा प्रवर्द्धित नेपाली उद्यमी मंचको दोश्रो वार्षिक साधारण सभाको हालै काठमाडौंमा उद्घाटन गर्दै अध्यक्ष जोशीले मंचले शुरु गरेको "मेड इन नेपाल" अभियानलाई विशेष अभियानको रुपमा विस्तार गर्नुपर्ने बताउनु भयो ।*

*अध्यक्ष जोशीले सरकारले ल्याएको यूवा स्वरोजगार कार्यक्रममा यूवा उद्यमी मंचलाई सम्लग्न गराउन सकिने पनि बताउनु भयो ।*

*सो मंचका अध्यक्ष सौरभ ज्योतिले मंचले शुरु गरेको "मेड इन नेपाल" अभियान नेपाली उत्पादनका लागि महत्वपूर्ण भएको बताउनु भयो । साथै उहाँले सो अवसरमा मंचले स्वदेशी वस्तुहरुको प्रवर्द्धनका लागि निर्वाह गरेको भूमिका माथि विस्तृत जानकारी गराउनु भएको थियो ।*

*कार्यक्रममा मंचका महासचिव अनुजकुमार श्रेष्ठले नयाँ पुस्ताका उद्यमीलाई राष्ट्रको आर्थिक विकासको मूलप्रवाहमा समेट्न राज्यले ठोस नीति अवलम्वन गर्नुपर्नेमा जोड दिनुभयो ।*

*मंचको दोश्रो साधारण सभाले अनुजकुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । जसअनुसार निवर्तमान अध्यक्षमा सौरभ ज्योति तथा सदस्यहरुमा अजयबहादुर प्रधानांग, सुधिर पराजुली, अनिष कावरा, निरञ्जन श्रेष्ठ, मंगेसलाल श्रेष्ठ र तुसार तोदी हुनुहुन्छ ।*

# सदस्य संघहरूको गतिविधि

## जिल्ला/नगर उवासंघ

### उद्योग वाणिज्य संघ, बुटवल

आन्तरिक राजश्व कार्यालय भैरहवाले साउन ११ गते बुटवल क्षेत्रका साना कर दाताहरुको गत आ.व.०६५/०६६ मा बुझाउनु पर्ने आयकर बुटवल उद्योग वाणिज्य संघको सचिवालयमा आई बुझेको छ ।

संघको अनुरोध र व्यवस्थापनमा बुटवलमा आएको कार्यालयको टोलीले यस क्षेत्रका २१० व्यवसायीहरुबाट आ.व.०६५/०६६ को आयकर बुझेको हो ।

वार्षिक २० लाख रुपैयासम्मको आर्थिक कारोबार गर्ने व्यवसायीहरु साना करदाता अन्तर्गत पर्दछन् । ती व्यवसायीहरुले वार्षिक रुपमा २५ सय रुपैया आयकर र २४ सय रुपैयाँ घरबहाल कर सरकारलाई बुझाउन पर्दछ ।

कार्यालय प्रमुख कर अधिकृत टिकाराम गैरेको नेतृत्वमा कृष्ण प्रसाद रेग्मी, प्रेम प्रसाद सुवेदी, मिन बहादुर खत्री, देवी पौडेल, गणेश प्रसाद भट्टराई संम्मिलित टोलीले व्यवसायीहरुबाट आयकर बुझेको थियो ।

संघमा टोकन लिएका ४५० मध्ये कर बुझाउन बाँकी करदाताका लागि साउन १९ गते सोमबार पुनः संघमानै टोली आएर कर बुझ्ने व्यवस्था गरिएको छ ।

### मकवानपुर उद्योग वाणिज्य संघ

मकवानपुर उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष विजयकुमार वैद्यले तालिममा सहभागी महिला दिदी वहिनीहरुलाई तालिम लिएर उपभोक्ताहरुको चाहना र सिजन अनुसारको सामानहरु उत्पादन गरी बजारमा लान सक्नु पर्नेमा जोड दिनु भएको छ ।

संघद्वारा महिला उद्यमी व्यवसायीहरुको लागि हालै संचालित १० दिने "बुटिक डिजाइन बेसीक तालिम" को समापन समारोहलाई सम्वोधन गर्नुहुँदै कार्यवाहक अध्यक्ष वैद्यले सो कुरा वताउनु भएको हो ।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष दिपकप्रसाद श्रेष्ठले तालिममा मेहनतका साथ सिकेको सिपलाई आफुमा मात्र सिमित नराखी अरुलाई पनि सिकाउनु पर्छ र त्यसलाई व्यवहारमा उतारी व्यवसायमा ढाल्न सक्नु पर्छ भन्नु भयो ।

समितिका संस्थापक सभापति ईन्दिरा गुरुङ्ले प्रशिक्षक लगायत सहभागीहरुको मेहनतको प्रशंसा गर्नु हुँदै वेसीक तालिम सिकी एडभान्स कोर्ष गरेर व्यवसाय गरी आत्मनिर्भर बन्न आग्रह गर्नु हुँदै त्यसमा आफुले सकेको सहयोग गर्ने जानकारी गराउनु भयो

समितिका सभापति शर्मिला डंगोलले तालिममा सहभागी हुनु भएका सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुँदै उत्कृष्ठ महिला उद्यमीहरुलाई सेलेक्सन गरी स्वरोजगार बनाउने र उत्पादित सामानहरुको बजार प्रवर्द्धन गर्न सहयोग गर्ने बताउनु भयो ।

समितिका सचिव सुशीला पाण्डेले समापन कार्यक्रममा पाल्नु भएका सम्पूर्ण महानुभावज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै तालिमबाट सिकेको सिपबाट सिपमूलक व्यवसाय गरी बजार प्रतिष्पर्धामा जान सक्नु पर्छ भन्नु हुँदै तालिम कार्यक्रम समापन भएको जानकारी गराउनु भयो ।

### तुलसीपुर उद्योग वाणिज्य संघ

मध्यपश्चिम विकास क्षेत्र अन्तर्गतका पहाडी जिल्लाहरु जाजरकोट, रुकुम, रोल्पा लगायतका ठाउमा फैलिएको झाडा पखाला पिडितहरुको सहयोगार्थ निजीक्षेत्रले नेपाली सेनाको हेलिकप्टरबाट त्यसतर्फ २२ पेटी औषधी पठाएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष एवं वैद्य अर्गनाइजेशनका अध्यक्षसुरज वैद्य र तुलसीपुर उद्योग वाणिज्य संघको सहयोगमा सो औषधी त्यस तर्फ पठाइएको हो । संघका अध्यक्ष दिपेन्द्र कुमार खत्रीले १९ नं. बाहिनीका वाहिनीपति भरत बहादुर मल्लाई एक कार्यक्रमको आयोजना गरी उक्त औषधी हस्तान्तरण गरिएको हो । सो औषधी जाजरकोटमा पुगी सकेको छ ।

### दोलखा उद्योग वाणिज्य संघ

उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकन भ्रमणका क्रममा चरिकोट दोलखा पुगेको वाग्लुङ उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डललाई दोलखा उद्योग वाणिज्य संघले हालै एक कार्यक्रमको आयोजना गरि स्वागत गरेको छ ।

वाग्लुङ उवासंघका अध्यक्ष ध्रुबराज गौत्तमको नेतृत्वमा गएको २५ सदस्यीय संघमा स्वागत गर्नुहुदै संघका प्रथम उपाध्यक्ष सोनाम शेर्पाले वर्तमान अवस्थामा उद्योग वाणिज्य संघहरुको भूमिका बृहत भएको र सामाजिक क्षेत्रको विकासको लागि गहन जिम्मेवारी लिन सक्नुपर्ने अवस्था आइसकेको कुरामा बिचार व्यक्त गर्नु भयो ।

सो कार्यक्रममा वाग्लुङ उवासंघका अध्यक्ष गौत्तमले उवासंघहरुको अध्ययन अवलोकन भ्रमणको उद्देश्यका बारेमा जानकारी दिनु भएको थियो ।

कार्यक्रममा संघका महासचिव सजल कार्की सहित दुबै उद्योग वाणिज्य संघका पदाधिकारी एवं अन्य सदस्यहरु बीच पनि पर्यटन, सचिवालयका विषयमा आपसी अनुभव आदानप्रदान गर्नु भएको थियो । कार्यक्रममा दोलखा उद्योग वाणिज्य संघका पदाधिकारी कर्मचारी साथै सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

### धुलिखेल उद्योग वाणिज्य संघ

उद्योग वाणिज्य संघ बुटवलका अध्यक्ष शंकर श्रेष्ठको नेतृत्वमा आएको २४ सदस्सीय चेम्बर अध्ययन अवलोकन भ्रमण टोलीलाई धुलिखेल उद्योग वाणिज्य संघका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभापतित्वमा हालै धुलिखेलमा स्वागत गरियो ।

### पाल्पा उद्योग वाणिज्य संघ

GTZ/INCLUDES/SEQUA र पाल्पा उद्योग संघद्वारा संयुक्त रुपमा पाल्पा, गुल्मी र आसपासका उद्योगी, व्यापारी व्यवासायी तथा उद्योग व्यापार व्यवसाय गर्न चाहने व्यक्ति वा समूह र स्वरोजगार बन्न चाहने व्यक्ति वा समूहलाई लक्षित गरी उनीहरुको सुविधाका लागि संघको सचिवालयमा One Stop Shop (OSS) एकै ठाउँबाट उपलब्ध गराउने व्यवस्था सहितको कार्यालय स्थापना गर्न हालै एक सम्झौता सम्पन्न भएको छ ।

सम्झौतापत्रमा पाल्पा उद्योग वाणिज्य संघका तर्फबाट अध्यक्ष भुषण राजलवट र GIZ/INCLUDES/SEQUA को तर्फबाट टिम लिडर मनिस श्रेष्ठले हस्ताक्षर गर्नु भएको थियो ।

### भक्तपुर उद्योग वाणिज्य संघ

उद्योग वाणिज्य संघ बुटवलका अध्यक्ष शंकर श्रेष्ठको नेतृत्वमा भक्तपुर आएको २५ सदस्यीय प्रतिनिधिमण्डललाई भक्तपुर उद्योग वाणिज्य संघले हालै संघको सचिवालयमा एक कार्यक्रम बीच स्वागत गरेको छ ।

स्वागत कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कृष्णप्रसाद ताम्राकारले देशमा

परिवर्तित राजनीतिक परिवेशमा सबै उद्यमी व्यवसायीहरुले आफ्नो उद्योग व्यवसाय निर्वाधरुपमा चलाउन पाउनुको सट्टा विभिन्न बहानामा हदैसम्मको कठिनाईहरु भोग्नु परिरहेको कुरा बताउनु भएको छ ।

महासंघको पहलमा संचालित "एक गाउँ एक उत्पादन" कार्यक्रम र सार्वजनिक निजी साझेदारी कार्यक्रम नेपालको परिप्रेक्षमा एउटा महत्वपूर्ण र सान्दर्भिक भएकोले यसलाई बढावा दिनुपर्नेमा उपाध्यक्ष ताम्राकारले जोड दिनु भयो ।

कार्यक्रममा स्वागत मन्तब्य दिँदै संघका कार्यवाहक अध्यक्ष उत्तमप्रसाद वैद्यले अध्ययन अवलोकन भ्रमणले संस्थाको भावी निती तथा कार्यक्रमहरु तय गर्नमा सहायक भूमिका खेल्ने बताउनु भयो ।

सोही कार्यक्रममा आफ्नो मन्तव्य राख्दै बुटवल उवासंघका अध्यक्ष श्रेष्ठले भक्तपुर उवासंघले उद्योग वाणिज्य क्षेत्रमा गरेका नौला र आवश्यकतामा आधारित कार्यक्रमहरुले अमिट छाप छोड्न सफल भएकोले बुटवल उवासंघले भावी कार्यक्रमहरुका लागि यहाँबाट आवश्यक सूचना तथा ज्ञान हासिल गर्न चाहेको बताउनु भयो ।

बुटवल उद्योग वाणिज्य संघले भावी योजना निर्माणका लागि योजना तर्जुमा कार्यशाला गोष्ठी समेत भक्तपुरमै आयोजना गरेको थियो । कार्यक्रममा दुबै संघका सहभागीहरुले उवासंघहरुले गर्दै आईरहेको गतिविधि र कार्यक्रमहरु बारे समीक्षा छलफल गरेका थिए भने भक्तपुर उवासंघका महासचिव प्रज्वल जोन्छेले धन्यवाद मन्तव्य दिनु भएको थियो ।

त्यसैगरी संघले वाग्लुङ उवासंघका अध्यक्ष ध्रुबराज गौतमको नेतृत्वमा साउन १० गते भक्तपुर आएको अध्ययन अवलोकन भ्रमण टोलीलाई स्वागत गरेको थियो ।

## ललितपुर उद्योग वाणिज्य संघ

ललितपुर उद्योग वाणिज्य संघ र युवा तथा साना स्वरोजगार कोष सचिवालयको संयुक्त आयोजनामा ललितपुरस्थित बैंक तथा वित्तिय संस्थाका प्रमुखहरुको सहभागितामा स्वरोजगार ऋण विषयक एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा संघका अध्यक्ष नरेशकुमार श्रेष्ठले स्वरोजगार कोषका सदस्य सचिव रणबहादुर श्रेष्ठले नेपालमा विकास बैंकका अध्यक्ष झपट सिंह बोहरा र नेपाल वित्त संघका अध्यक्ष रामशान्त श्रेष्ठले राख्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा एनआईसी बैंकका प्रमुखले कोषको कार्यक्रम अनुसार ललितपुर हस्तकला तर्फका शिल्पीहरुलाई उक्त ऋण प्रवाह गर्ने जानकारी गराउँदै बैंकमा सम्पर्क गर्न अनुरोध गर्नु भएको थियो । संघका महासचिव एवं स्वरोजगार तालिमका संयोजक अजरमान जोशीले धन्यवाद ज्ञापन गर्दै ललितपुरमा करिब ५ हजार जना सहभागी मध्ये हालसम्म २ हजार जनाले अभिमुखिकरण तालिम लिई सकेका योग्य एवं दक्ष तालिम कर्ताहरुलाई ललितपुर स्थित सम्पूर्ण बैंकहरुले अविलम्ब निर्धक्क रुपमा ऋण प्रवाह गर्न अनुरोध गर्नु भयो ।

# वस्तुगत संघहरु

## नेपाल मसलन्द तथा शैक्षिक सामाग्री उद्योग संघ

नेपाल मसलन्द तथा शैक्षिक सामाग्री उद्योग संघको दशौं वार्षिक साधारण सभा हालै काठमाडौंमा सम्पन्न भयो। सो साधारण सभाले संघको अध्यक्षमा पुनः दिनेश श्रेष्ठलाई निर्विरोध निर्वाचित गरेको छ। नवनिर्वाचित संघका पदाधिकारीहरुमा प्रयाशचन्द्र पौडेल प्रथम उपाध्यक्ष, सुनिल गोपाल श्रेष्ठ द्वितीय उपाध्यक्ष, सुसिलकुमार जैन महासचिव, रामेश्वर पराजुली कोषाध्यक्ष र रमेश गुप्ता सचिव र मुकुन्द अधिकारी सह कोषाध्यक्ष हुनुहुन्छ ।

त्यसैगरि कार्यसमिति सदस्यहरुमा सुरेश पोखरेल, राजकुमार सिंह, बेखानारायण श्रेष्ठ र रमेश थापा हुनुहुन्छ ।

त्यस्तै संयोजक, सदस्यता वृद्धि समितिका संयोजकमा विष्णु शिवाकोटी, आयश्रोत विकास समितिका संयोजकमा भविन्द्र भण्डारी, मेला समितिका संयोजकमा दिनेश शर्मा र डाइरेक्ट्री प्रकाशन समितिको संयोजकमा रमेश गुप्ता हुनुहुन्छ ।

## पुस्तकालय जानकारी

**उद्योग, वाणिज्य, श्रम, पर्यटन लगायत अर्थतन्त्रसँग सम्वन्धित विभिन्न पुस्तक पुस्तिका, अध्ययन प्रतिवेदन एवं ट्रेड डाइरेक्टरीका प्रकाशनहरु नेपाल उद्योग वाणिज्य महासंघको पुस्तकालय (Documentation and Information Unit) मा प्राप्त भएकोले अध्ययन गर्न इच्छुक महानुभावहरुले पुस्तकालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।**

## नेपाल पेट्रोलियम डिलर्स एशोसिएशन

नेपाल पेट्रोलियम डिलर्स एशोसिएशनद्वारा हालै एक विज्ञप्ति प्रकाशित गरि धादिङ्ग जिल्ला विशालटारस्थित सदा ज्योती आयल डिष्ट्रिब्यूटर्सका संचालक कल्याण नकर्मी माथि गत २०६५ जेष्ठ १९ गते राती माओवादी समूहले माग गरे बमोजिम चन्दा नदिएको विषयलाई लिएर भएको संघातिक हमला नागरिक सर्वोच्चता माथिको गम्भीर प्रहारको घोर भत्सर्ना गरेको छ ।

तसर्थ, जिम्मेवार राजनीतिक दलको नामबाट भएको यस किसिमको घटनाप्रति सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँदै दोषीमाथि कानूनी कारवाहीको माग समेत गरेको छ ।

*स्वदेशी सामानको प्रयोग गरौं, आत्मनिर्भर बनौं ।*

# आर्थिक तथा व्यवसायिक गतिविधि

## नेपाल-टर्की उद्योग वाणिज्य संघ

नेपाल-टर्की उद्योग वाणिज्य संघको हालै काठमाडौंमा विधिवत शुभारम्भ भयो । संघको अध्यक्षमा अखिल कुमार चापागाई हुनुहुन्छ ।

संघको उपाध्यक्ष, महासचिव र सचिवमा क्रमशः अजय मुडवरी, रुपक प्रधान तथा विजयसिंह वैद्य हुनुहुन्छ ।

दुई देश बीचको व्यापार हाल न्यून रुपमा रहेको छ। नेपालले टर्कीबाट विशेषगरी ग्याँस चुल्हो, चकलेट, जुस तथा औद्योगिक कच्चा पदार्थ आयात गर्दै आएको छ भने त्यस तर्फ हस्तकलाका बस्तुहरु निर्यात गर्दै आएको छ ।

## चाइना इस्टर्नको काठमाडौं उडान

चाइना इस्टर्न एयरलाईन्सले चीनको कुन्मिङदेखि काठमाडौं सिधा उडान गर्ने भएको छ। यसका लागि एयरलाइन्सले पर्यटन तथा नागरिक उडडयन मन्त्रालयसँग साउन २७ गते मंगलवार हस्ताक्षर गरेको छ। नेपाल चीन बीच २००३ मा भएको हवाई सम्झौता अन्तरगत नेपालले सिधा उडानको अनुमति प्रदान गरेको हो ।

## एडीवी-नेपाली बैंक सम्झौता

एशियाली विकास वैंक (एडीवी)ले नेपालको निजी क्षेत्रका ८ वाणिज्य बैंकहरुलाई अन्तराष्ट्रिय व्यापारमा वित्तिय जमानी प्रदान गर्ने भएको छ। साउन २७ गते मंगलवार सो सम्बन्धी सम्झौतापत्रमा एडीवी र नेपालका ८ वाणिज्य बैंकहरु इन्भेष्टमेन्ट, नविल, बैंक अफ काठमाडौं, कुमारी, एनआइसी, हिमालयन, एसवीआई र एभरेष्ट बैंक बीच हस्ताक्षर भएको थियो। एडीवीको व्यापार सहजीकरण कार्यक्रम अन्तरगत सुरक्षणका साथै वैदेशिक व्यापारमा तीन वर्षसम्मको ऋण समेत प्रदान गर्ने सम्झौतामा उल्लेख छ ।

## अवको सरकार विकास सुशासनमा आधारित-अङटाड

अतिकम विकसित मुलुकलाई विकास सम्बन्धी वर्तमान भूमिका परिवर्तन गर्न संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन (अङटाड) ले सुझव दिएको छ । अतिकम विकसित मुलुकका सरकारले विकासलाई प्राथमिकतामा राखेर लगानी समेत विस्तार गर्नुपर्ने आवश्यकता अङटाडले औंल्याएको छ । हालसम्म सुशासनलाई केन्द्रीय सरकारहरुले महत्व दिने गरेको भएपनि अव विकास सहितको सुशासन आवश्यक भएको अङटाडद्वारा हाले जारी अतिकम विकसित मुलुकको प्रतिवेदन–२००९ मा उल्लेख गरिएको छ–अवको सरकार विकास सुशासनको अवधारणामा आधारित हुनुपर्छ ।

# BUSINESS OPPORTUNITIES

***Following Business Opportunities have been received in the Federation of Nepalese Chambers of Commerce & Industry (FNCCI). Interested Parties may contact with parties concerned:***

**IMPORT**

1. **D. B. Hank & Co, Ltd.**
   9F, No. 251, Sec. 2, H Yi Road, Taipei
   Tel:886-2-2397-2179
   Fax:886-2-2357-7267
   Email:dbhank@ms29.hinet.net
   - *Injection or compression moulds for metal of metal carbides*
2. **Dec Engineering Corp**
   7th fl., 123, Pa te road, sec.4, TAIPEI
   Tel:886-2-2753-4261
   Fax:886-2-2753-3338
   Email:dokadec@ms1.hinet.net
   - *Moulds for Minerals materials.*
3. **SIEMENS LIMITED**
   8TH FL., NO. 3, YUAN CHUE STREET, TAIPEI
   Tel:886-2-2652-8888
   Fax:886-2-2652-8777
   Email:kay.cheng@siemens.com
   URL:http://www.siemens.com.tw/
   PARTS OF ROCK DRILLING OR EARTH BORING TOOLS
4. **WAN CHU TRADING CO., LTD.**
   1ST FL., NO. 6-2, CHANG AN E. ROAD, SEC. 1, TAIPEI
   Tel:886-2-2521-3352
   Fax:886-2-2521-3357
   Email:into@wanslyc.com.tw
   - *TOOLS FOR TAPPING OR THREADING*
5. **FEY CHE TRADING CO., LTD.**
   1ST FL., 25, LANE 33, CHUNG SHAN N. ROAD, SEC. 1, TAIPEI
   Tel:886-2-2521-5571
   Fax:886-2-2561-2752
   Email:feyche.trading@msa.hinet.net
   URL:http://www.feyche.com.tw/
6. **PAO HWA TRADING CO., LTD.**
   1ST FL., 77, CHANG AN W. ROAD, TAIPEI
   Tel:886-2-2555-6504
   Fax:886-2-2558-6524
   Email:may@paohwa.com.tw
   URL:http://www.paohwa.com.tw/
   - *INTERCHANGEABLE TOOLS FOR DRILLING, HAND TOOLS USE*
7. **CONCISE CO., LTD.**
   1ST FL., 6, ALLEY 11, LANE 292, CHENG TEH ROAD, SEC. 4, SHIH LIN, TAIPEI
   Tel:886-2-2883-9691-5
   Fax:886-2-2883-3864
   Email:concise@ethome.com.tw
   - *INTERCHANGEABLE TOOLS FOR BORING OR BROACHING, MACHINES USE*
8. **JUMBO POWER TRADING CO., LTD.**
   1ST FL., 145, MIN TSU W. ROAD, TAIPEI
   Tel:886-2-2598-9266
   Fax:886-2-2598-9277
   Email:beichang@ms37.hinet.net
   - *TOOLS FOR MILLING*
9. **HUOSEN COMPANY LIMITED**
   3RD FL., 306, CHIEN KUO S. ROAD, SEC. 2, TAIPEI
   Tel:886-2-2362-0636
   Fax:886-2-2362-7504
   Email:huosen@hotmail.com
   - *TOOLS FOR TURNING*
10. **SING LUNG TRADING CO., LTD.**
    67, CHENG TEH ROAD, SEC. 3, TAIPEI
    Tel:886-2-2595-5260
    Fax:886-2-2594-0661
    Email:wychien@sl.com.tw
    - *INTERCHANGEABLE TOOLS, HAND TOOLS USE*

**EXPORT**

1. **Banglasesh Cable Shilpa Ltd. Khulna**
   Shiromoni Industrial Area
   P.O. Sonali Jute Mills, Khulna, Bangladesh
   Tel: 0088-041-785299, 785072
   Fax: 0088-041-785375
   E-mail: mdbcs@btcl.net.bd
   - *cables & wires.*

# रोजगारदाता गतिविधि
# Employers Activities

## उद्यमशीलता तथा श्रम सम्वन्ध विकासका लागि सहमतीपत्रमा हस्ताक्षर

युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन आवश्यक दक्ष जनशक्ति उत्पादन र द्वन्द निरुपणका लागि स्थानीय क्षमता विकास (developing local capacities for conflict transformation) गर्ने सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ, जर्मन विकास संस्था अन्तरगतको समावेशी आर्थिक विकास कार्यक्रम (GTZ/Inclusive Development of the Economy Prgram-INCLUDE), राष्ट्रिय व्यवसायिक पहल (National Business Inititative-NBI) र अन्तराष्ट्रिय श्रम संगठन (ILO) बीच हालै ललितपुरमा छुट्टाछुट्टै सहमतीपत्र (Mamorandum Of Understanding - MoU) मा हस्ताक्षर भएको छ।

नेपाल सरकारद्वारा ल्याइएको युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने सम्बन्धी सहमतीपत्रमा महासंघका अध्यक्ष कुशकुमार जोशी र जीटीजेड/इन्क्ल्यूडका कार्यक्रम व्यवस्थापक हृष्ट अम्मान (Horst Ammann, Programme Manager, GTZ/ Inclusive Development of the Economy Programme-INCLUDE) ले हस्ताक्षर गर्नु भयो भने द्वन्द निरुपणका लागि स्थानीय क्षमता विकास सम्बन्धी सहमतीपत्रमा महासंघका अध्यक्ष जोशी, इन्क्ल्यूडका कार्यक्रम व्यवस्थापक हृष्ट अम्मान, एनबीआईका अध्यक्ष पद्म ज्योति र आइएलओका देशिय निर्देशक सिंजे लि (Shengjie Li, Country Director ILO) ले हस्ताक्षर गर्नु भएको थियो।

सहमती अनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन महासंघ र जीटीजेट इन्क्ल्यूडको समन्वयमा जिल्ला उद्योग वाणिज्य संघहरुमा कार्यरत अधिकृतहरु तथा उद्योग वाणिज्य संघहरुले पहिचान गरेका अन्य सम्भाव्य प्रशिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालीम प्रदान गरि उनीहरु मार्फत युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रममा आवेदन दिएका आवेदकहरुलाई उद्यमशीलता विकास सम्बन्धी प्रशिक्षण दिई कम्तिमा पनि एउटा बैकिङ्ग प्रस्ताव तयार गर्न तथा आफैले व्यवसायिक योजना बनाउन सक्षम बनाउने कार्यक्रमको लक्ष्य छ।

आगामी पांच महिना कार्य समय रहेको सो कार्यक्रम कैलाली सुर्खेत, नारायणगढ, पाल्पा पांचथरमा संचालन गरिने सहमतीपत्रमा उल्लेख छ।

त्यसैगरि द्वन्द रुपान्तरणका लागि स्थानीय क्षमता विकास सम्बन्धी सहमतीपत्रमा साझेदार संस्थाहरु बीच सूचना, श्रम शौदा, कार्यस्थलमा सहयोग, द्वन्द व्यवस्थापन तथा पैरवी जस्ता क्षेत्रमा क्षमता विकासका लागि सहकार्य गर्ने उल्लेख छ।

सहमती अनुसार करिव एक वर्षको कार्य अवधि रहेको सो कार्यक्रम चितवन, कैलाली र रुपन्देहीमा संचालन गरिने छ।

द्वन्द समाधानका क्रममा साझेदार संस्थाहरु बीच स्थानीय एवं क्षेत्रीय वातावरण अनुकुल कार्यस्थलमा उत्पन्न विवाद समाधानमा रोजगार दाता, श्रमिक तथा सरोकारवालाहरु बीच प्रभावकारी भूमिका निर्वाह गर्ने, श्रम सम्बन्ध सुधारका विषयमा स्थानीय तहमा हुने कार्यक्रम तथा नीतिगत विषयहरुलाई प्रवर्द्धन गर्ने, द्वन्द सृजना भएका वखत सक्षम मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने तथा असल श्रम सम्वन्ध विकासका लागि आवश्यक जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने उल्लेख छ।

यी दुवै सहमतीबाट उद्यमशीलता प्रवर्द्धन तथा असल श्रम सम्बन्ध विकास एवं सुमधुर औद्योगिक सम्बन्ध विकासमा ठोस उपलब्धी हासिल हुने विश्वास गरिएको छ।

**सीपमुलक तालीम लिऔं**
**उद्यमशीलताको विकास गरौं।**

**सम्पादक** : विदुरचन्द्र लामिछाने
**प्रकाशक** : नेपाल उद्योग वाणिज्य महासंघ
पचली शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, टेकु, पो.ब.नं. २६९, काठमाडौं
फोन : ४२६२२१८, ४२६२०६१, फ्याक्स : ४२६१०२२, ४२६२००७, तार : फेडरेशन, काठमाडौं
**मुद्रक** : विश्व छापाखाना, लगन टोल, काठमाडौं, फोन : ४२५३६७६
कम्प्यूटर : सत्यनारायण साँद

प्रापक